**स्वच्छ समाजको निर्माणमा सहभागी बनौं**

- सम्भव भएसम्म विद्युतीय चुलो प्रयोग गर्न प्रोत्साहन गरौं,
- प्लास्टिकजन्य सामग्रीको प्रयोगलाई निरुत्साहित गरौं,
- वनक्षेत्रको अतिक्रमण र डढेलो नियन्त्रण गरौं,
- हिमताल, जलाधार, सीमसार तथा पानीका स्रोतहरूको संरक्षण गरौं,
- नदी र खानीजन्य स्रोतको उत्खनन्लाई व्यवस्थित गरौं,
- भिरालो वातटीय जमिन सुरक्षित गर्न वायो इन्जिनियरिङ प्रविधिको प्रयोग गरौं,
- पारिस्थितिक प्रणाली (Ecosystem) को संरक्षण गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १२० | काठमाडौं | मंगलबार, ०४ भदौ २०८१ | Prabhab National Daily | Tuesday, August 20, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

## भारतले नेपालसँग थप २५१ मेगावाट बिजुली किन्ने

- हरियाणा राज्यलाई थप १२५.८९ मेगावाट र विहारलाई १२५ मेगावाट विद्युत् निर्यात गर्न नेपाल विद्युत् प्राधिकरणले पायो स्वीकृति
- चालु आर्थिक वर्षमा २५ अर्ब रुपैयाँबराबरको विद्युत् निर्यात गर्ने लक्ष्य
- थप २०० मेगावाट निर्यात स्वीकृतिको प्रक्रियामा रहेको जानकारी



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** भारतले नेपालसँग थप २५१ मेगावाट बिजुली किन्ने भएको छ। भारतको विद्युत् मन्त्रालयअन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणले हरियाणा राज्यलाई थप १२५.८९ मेगावाट र विहारलाई १२५ मेगावाट मध्यकालीन सम्झौताबमोजिम निर्यात गर्न नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृति दिएको हो।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले द्विपक्षीय सम्झौताअनुसार भारतका विहार र हरियाणा राज्यलाई थप २५१ मेगावाट विद्युत् निर्यात गरिने जानकारी दिए। थप विद्युत् निर्यात अब छिट्टै सुरु गरिने उनको भनाइ छ। विद्युत् निर्यातको परिणाम बढ्दै जाने बताउँदै घिसिङले चालु आर्थिक वर्षमा २५ अर्ब रूपैयाँबराबरको विद्युत् निर्यात गर्ने लक्ष्य राखिएको जानकारी दिए।

कार्यकारी निर्देशक घिसिङले थप विद्युत् निर्यातका लागि स्वीकृतिको प्रक्रियामा रहेकोसमेत बताए। 'स्वीकृत परिमाणको १० प्रतिशत थप विद्युत् निर्यात गर्न सक्ने हुँदा अब एक हजार मेगावाटभन्दा बढी निर्यात गर्न सक्ने अवस्था बनेको छ,' कार्यकारी निर्देशक घिसिङले भने, 'थप २०० मेगावाट निर्यात स्वीकृतिको प्रक्रियामा रहेको छ, छिट्टै स्वीकृति पाउनेमा विश्वस्त छौं।'

उनका अनुसार १० जलविद्युत् आयोजनाबाट उत्पादित १२५ मेगावाट विद्युत् विहारलाई र दुई जलविद्युत् आयोजनाबाट उत्पादित थप १२५.८९ मेगावाट विद्युत् हरियाणा राज्यका वितरण कम्पनीलाई बिक्री गरिने छ।

(क्रमशः पृष्ठ २ मा)

## नाम्चे र थामेका ९६० घरपरिवार अन्धकारमा

■ **सुवास दर्नाल**

**सोलुखुम्बु–** थामेखोलामा आएको बाढीले कारण थामेखोला साना जलविद्युत् परियोजनाको बाँधमा क्षति पुर्‍याउँदा झण्डै एक हजार घरपरिवार प्रभावित भएका छन्। गत शुक्रबार खुम्बु पासाङल्हामू गाउँपालिका-५ थामेमा आएको बाढीले गाउँसहित ९३० किलोवाट क्षमताको उक्त परियोजनाको बाँधमा क्षति पुर्‍याएको थियो। जसका कारण वडा नं ४ खुम्जुङ, खुन्दे तथा वडा नं ५ नाम्चे र थामेका गरी ९६० घरभन्दा बढी घरपरिवार प्रभावित भएको खुम्बु बिजुली कम्पनीका प्रबन्धक सोनाम दोर्जी शेर्पाले जानकारी दिए।

गाउँपालिका वडा नं ५ का अध्यक्ष पासाङग्याल्जेन शेर्पाले बाढीका कारण जलविद्युत् परियोजनामा क्षति पुगेको उल्लेख गर्दै सञ्चालनमा ल्याउनका लागि महिना दिनभन्दा बढी समय लाग्नसक्ने बताए। 'बाढीका कारण परियोजनाको बाँधमा ठूलो क्षति पुगेको छ, मर्मतका लागि एक महिनाभन्दा बढी समय लाग्ने जानकारी दिइएको छ,' उनले भने।

सगरमाथा प्रदूषण नियन्त्रण समितिका अध्यक्ष लामाकाजी शेर्पाले बिजुली नहुँदा सञ्चारलगायतका सेवा अवरुद्ध भएको बताए। 'बाढीले विद्युत् आयोजनामा क्षति पुर्‍याएपछि समस्या भएको छ, बत्ती नहुँदा मोबाइल नेटवर्कसमेत प्रभावित हुँदा सञ्चार सेवाबाट वञ्चित हुनुपरेको छ। बाढीका कारण खुम्बुमा ठूलो क्षति पुगेको छ,' उनले भने।

(क्रमशः पृष्ठ २ मा)

प्रदेशमा संयुक्त सरकार बनाउन सकस

## कोशीमा कांग्रेस गण्डकीमा एमाले सत्ताबाहिर

■ **जेबी योञ्जन**







**काठमाडौं–** नेपाली कांग्रेस र नेकपा एमालेको नेतृत्वमा केन्द्रीय सत्ता गठबन्धन बनेको महिना दिन बित्दासम्म दुईवटा प्रदेश कोशी र गण्डकीमा संयुक्त सरकार गठन हुन सकेको छैन। गठबन्धनमा दरार पैदा हुन थालेको आशंकालाई बल पुग्नेगरी दुवै प्रदेशमा सरकार गठन हुन नसकेको हो।

कांग्रेस कोशीमा सरकार बाहिर छ। गण्डकीमा एमाले सरकार बाहिर छ। अन्य प्रदेशहरूमा भने यसअघि नै संयुक्त सरकार गठन भइसकेका छन्।

कोशी र गण्डकीको सरकार गठनमा जटिलता भने केही भिन्न छन्। कोशीमा हिक्मत कार्की मुख्यमन्त्री रहेको एमाले नेतृत्वको सरकारमा कांग्रेस सहभागी हुन नसक्नुमा आन्तरिक किचलो मुख्य कारक देखिएको छ। त्यहाँ कांग्रेसका तीन गुटले सरकारमा भागबण्डा खोजिरहेका छन्। संस्थापन (देउवा समूह), डा. शेखर कोइराला समूह र नेता कृष्णप्रसाद सिटौला समूह छन्। संस्थापन समूहसँग दुईवटा समूहले सरकारमा जान मन्त्रीको सर्त राखेका छन्। यसपछि सरकार गठनमा मुख्यमन्त्री कार्कीलाई सकस परेको छ।

कांग्रेस कोशी प्रदेश संसदीय दलका प्रमुख सचेतक गोपाल तामाङका अनुसार केन्द्रमा नेताहरूबीच समझदारी नहुञ्जेलसम्म सरकारमा सहभागिता निश्चित छैन। 'काठमाडौंमा मिल्यो भने यहाँ मिलिहाल्छ, त्यतै नमिलेर यहाँ समस्या भयो,' प्रमुख सचेतक तामाङले प्रभावसँग ठटचौली शैलीमा भने, 'मिलाउनका लागि हामीले दबाब दिएका छौं। तर, मिलेजस्तो लागेन। किनभने यहाँ मिलेको छैन।'



> काठमाडौंमा मिल्यो भने यहाँ मिलिहाल्छ, त्यतै नमिलेर यहाँ समस्या भयो। मिलाउनका लागि हामीले दबाब दिएका छौं।
>
> ■ **गोपाल तामाङ**
> प्रमुख सचेतक
> कांग्रेस कोशी प्रदेश संसदीय दल



> मुख्यमन्त्रीलाई कठिन अवस्थामा साथ दिने माननीयज्यूलाई पनि सरकारमा समेट्ने भन्दै कांग्रेसको कुरा आएको छ, त्यो मानिंदैन।
>
> ■ **देवका पहारी त्रिपाठी**
> सचेतक
> एमाले गण्डकी प्रदेश संसदीय दल

संघीय सरकारमा ठूला दलहरू कांग्रेस र एमालेले सहकार्य गर्दा अघिल्ला गठबन्धनबाट बनेका प्रदेश सरकारहरू संघको अनुकूलमा बने। तीमध्येमा कोशी र गण्डकीमा पुरानो गठबन्धन (एमाले-माओवादी)को गठबन्धन रहँदाकै मुख्यमन्त्री कायम रहने भए। हाल कोशीमा एमालेका कार्की र गण्डकीमा कांग्रेसका सुरेन्द्रराज पाण्डे मुख्यमन्त्री कायम छन्। दुवैले विश्वासको मत पाइसकेका छन्।

तर, दुवै प्रदेशमा दुवै दलको संयुक्त सरकार छैन। गण्डकीमा एमालेलाई सरकारमा सहभागी नगराइनुको कारण मुख्यमन्त्री पाण्डेलाई स्वतन्त्र सांसद दीपक मनाङे उर्फ राजीव गुरुङ र माओवादी संसदीय दलमा रहेका फणिन्द्र देवकोटालाई सरकारबाट हटाउन पाण्डे अनिच्छुक भएर हो।

केन्द्रीय गठबन्धन बनेको ३० असारमै हो। कांग्रेस-एमालेबीच सरकार गठनका लागि समझदारी भएको १७ असारको मध्यरातमा हो। सोही सहमतिका आधारमा संसद्को पहिलो र दोस्रो दलबीच सत्ता गठबन्धन बन्यो। यद्यपि, दुई प्रदेशमा संयुक्त सरकार गठनमा भएको बिलम्बले गठबन्धन कतै धराशायी त भएको छैन ? प्रश्न उब्जेको छ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

## पाँच वर्षमा दुई लाख महिला वैदेशिक रोजगारीमा


■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मुलुकमै रोजगारीको अवसर सिर्जना हुन नसक्दा बर्सेनि ठूलो संख्यामा नेपालीहरू वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता छ। पछिल्लो समय पुरुष सँगसँगै महिलाहरू पनि वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ।

आत्मनिर्भता र रोजगारीको अवसर खोज्दै पछिल्लो तीन वर्षमा करिब साढे दुई लाख नेपाली महिला विदेसिएको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाएको छ। उनीहरू नयाँ तथा पुनः श्रम स्वीकृति लिएर रोजगारीका लागि विभिन्न मुलुकमा पुगेका हुन्। विगत पाँच वर्षमा २६ लाख ७७ हजार ८४५ जना रोजगारीका लागि विदेसिएकामध्ये दुई लाख ४१ हजार ३२३ जना महिला रहेका छन्। औसतमा प्रतिवर्ष ४८ हजार नेपाली महिला वैदेशिक रोजगारीमा गएको तथ्यांकमा देखिन्छ।

विभागका अनुसार आर्थिक वर्ष ०७६/७७ मा २८ हजार ४३३, ०७७/७८ मा ११ हजार ४५६, ०७८/०७९ मा ४९ हजार १२८ जना महिला वैदेशिक रोजगारीमा गएका छन्। यसैगरी आर्थिक वर्ष ०७९/८० मा ७२ हजार १३४ र ०८०/८१ मा ८० हजार १७२ जना महिलाले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएको देखिन्छ।

कोरोनो महामारीको वर्ष ( आव ०७७/७८) बाहेक प्रत्येक वर्ष वैदेशिक रोजगारीमा जाने महिलाहरूको संख्या झण्डै १० प्रतिशतले बढ्दै गएको देखिन्छ। यसरी वैदेशिक रोजगारीका लागि सबैभन्दा बढी खाडी मुलुक र मलेसिया गएको पाइन्छ। विभागको तथ्यांकअनुसार सबैभन्दा धेरै महिला कामदार युएई, कुवेत, कतार, साउदी र मलेसिया गएका छन्। विभागका अनुसार युएई, कुवेत, कतार, साउदी र मलेसिया जाने महिलाको संख्या धेरै छ। पाँच वर्षको अवधिमा युएईमा ९० हजार १८३, कुवेतमा २९ हजार ६७१, कतारमा २९ हजार ६५८, मलेसियामा १२ हजार ३४४ र साउदीमा तीन हजार ३२७ जना महिला रोजगारीका लागि गएका छन्। विभागको तथ्यांकअनुसार उल्लिखितबाहेकका मुलुकमा जाने नेपाली महिलाको संख्या पनि बढ्दो रहेको छ। पछिल्लो समय युरोपेली मुलुक, दक्षिण कोरिया, जापान, इजरायलजस्ता मुलुकमा महिलाहरू रोजगारीका लागि जाने गरेका छन्।




श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जानेबारे विभागले तथ्यांक राखे पनि गैरकानुनीरूपमा खाडी मुलुक जाने महिलाको तथ्यांक यकीन छैन। खाडी मुलुकमा महिला घरेलु कामदारको माग उच्च रहे पनि नेपाल सरकारले जान बन्देज लगाएको छ। यद्यपि, गैरकानुनीरूपमा खाडी मुलुक पुग्ने नेपाली महिलाको संख्या ठूलै रहेको विभिन्न अध्ययनले देखाएको छ। सरकारले महिला कामदारको सुरक्षाको ग्यारेन्टी नभएको भन्दै २०७२ सालदेखि घरेलु कामका लागि खाडीलगायतका केही मुलुकमा पठाउन बन्देज लगाउँदै आएको छ।

### साउदीमा थप ५० जनालाई 'एक्जिट भिसा'

**काठमाडौं (प्रस)-** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्या झेलिरहेका थप ५० जना नेपाली श्रमिकले 'एक्जिट भिसा' पाएका छन्। साउदीस्थित नेपाली दूतावासको समन्वयमा त्यहाँको अध्यागमन कार्यालयले. हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका उनीहरूलाई एक्जिट भिसा दिएको हो।

गैरकानुनीरूपमा रहेका आप्रवासी कामदारलाई स्वदेश फर्कन दिने नीतिअनुरूप साउदी अध्यागमनले थुप्रै विदेशी श्रमिकलाई एक्जिट भिसा दिइरहेको छ। एक्जिट भिसा दिन थालेयता करिब तीन हजार ८०० स्वदेश फर्किसकेको दूतावासले जनाएको छ। एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने भएकाले यसबापत कुनै पनि निकायमा शुल्क बुझाउनु नपर्ने दूतावासले जनाएको छ। तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ।

इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरुब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने दूतावासले प्रस्ट पारेको छ। साथै भिसा दिने सम्पूर्ण अधिकार साउदी अध्यागमन कार्यालयसँग मात्रै हुने उल्लेख गरिएको छ।





काठमाडौंको पशुपतिनाथ मन्दिरस्थित बागमती नदी किनारामा सोमबार जनैपूर्णिमामा स्नान गरी जनै फेर्दै भक्तजन । *तस्बिरः हरिराम भेटुवाल/रासस*

# आज गाईजात्रा पर्व मनाइँदै

**काठमाडौं (प्रस)**- प्रत्येक वर्ष भाद्र कृष्ण प्रतिपदादेखि अष्टमीसम्म आठ दिन मनाइने परम्परागत सांस्कृतिक पर्व 'गाईजात्रा' आज विभिन्न कार्यक्रमको आयोजना गरी देशभर आरम्भ गरिँदै छ ।

एक वर्षभित्र दिवंगत भएका आफन्तको सम्झनामा आजका दिन गाई वा मानिसलाई गाईका रूपमा सिँगारी आ-आफ्ना क्षेत्रमा परिक्रमा गराउने र उनीहरूलाई श्रद्धालुद्वारा दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्य दान दिने चलन छ । यसरी नगरपरिक्रमा गर्नाले वर्षभरि मृत्यु भएका व्यक्तिहरू गाईको पुच्छर समाई वैतरणी पार हुन्छन् भन्ने धार्मिक विश्वास छ ।

राजा प्रताप मल्लले पुत्रशोकले विह्वल भएकी आफ्नी रानीलाई दुनियाँले पनि यस्तै शोक बेहोर्नुपर्छ भन्ने देखाउन 'जनतालाई आ-आफ्नो घरका मरेका व्यक्तिका नाममा गाईजात्रा निकाली सहर परिक्रमा गराउनू' भनी आज्ञा दिएका आधारमा यो पर्व सुरु भएको ऐतिहासिक तथ्य छ । यसबाट पनि रानीको मन शान्त हुन नसकेकाले विभिन्न प्रकारका प्रहसन तथा व्यंग्यात्मक कार्यक्रमसमेत गराउने आदेश दिएअनुरूप हास्यव्यंग्यको प्रचलन चलेको हो भन्ने जनश्रुति पाइन्छ ।

प्रताप मल्लको पालादेखि प्रचलनमा आएको गाईजात्रा हनुमानढोकास्थित राजप्रासाद (राजदरबार) भएर जानुपर्ने प्रथा अहिलेसम्म पनि कायमै छ । देशका विभिन्न स्थानमा गाईजात्रा मनाइने भए पनि उपत्यकामा यसको विशेष रौनक देखिने गर्छ ।

भाद्र कृष्ण अष्टमीका दिनसम्म मनाइने यस पर्वका क्रममा प्रहसन, सामाजिक विकृतिप्रति व्यंग्यात्मक प्रदर्शन, नाचगान तथा मृत व्यक्तिको सम्झनामा रामायणको करुण रसका गीतहरू पनि गाइन्छ ।

## बोलपत्रद्वारा आह्वान गोलिया काठ, दाउरा विक्री वितरण सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति : २००१/५/०४ गते)*

यस हरियाली महिला सामुदायिक वन उपभोक्ता समूह हरिहरपुरगढी ४ सिन्धुलीबाट आ.व.२०८०/०८१ मा उत्पादन भई वसन्तचौर हरिहरपुरगढी-४ सिन्धुलीमा घाटगद्दी गरी राखिएको विभिन्न लटको साल, असना जातको गोलिया थान १०४ को १२४०.६१ क्यू फिट गोलिया काठ व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२औं दिनको मध्यान्ह १२:०० बजेभित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**हरियाली महिला सामुदायिक वन उपभोक्ता समूह**
**हरिहरपुरगढी-४, सिन्धुली**

## अधिकृत वारिसनामा बदर गरिएको सूचना

अधिकृत वारेसनामा दिने म मोहन वीर मधैयाको बुहारी लक्ष्मी नारायण मधैयाको श्रीमती गंगा बहादुर कनज्याको छोरी का.जि.का.न..म.न.पा वडा नं.१७ बस्ने बर्ष ५८ की मीना कुमारी मधैया (ना.प्र.नं. ४८४८ मिति २०४३।०७।१० जि.प्र.का.काठमाण्डौ) ले आफ्नो नाममा दर्ता कायम रहेको का.जि.का.म.न.पा. वडा नं.१७ कि.नं. ९६५ को ०-१-३-० (एक आना तीन पैसा) क्षेत्रफल घरजग्गा पुरै अन्य व्यक्तिलाई राजिनामाको व्यहोराले विक्रि वितरण, हक हस्तान्तरण गर्न पाउने गरी मेरो मानिस मोहन वीर कनौजीयाको नातिनि रत्नबाबु कनौजीयाको छोरी का.जि.का.म.न.पा वडा नं.१७ बस्ने बर्ष ४८ को सुनिता कनौजीया (ना.प्र.नं.६६३१ मिति २०५३।०९।२५ जि.प्र.का. काठमाण्डौ) लाई काठमाण्डौ जिल्ला अदालतबाट मिति २०७९।०५।०१ मा अधिकृत वारिस नियुक्त गरेकोमा सो घरजग्गा म आफै उपस्थित भई विक्री तथा हक हस्तान्तरण एवं अन्य कारोवार गनुपर्ने भएकोले आजकै मिति देखि लागु हुनेगरी उक्त मिति २०७९।०५।०१ मा कायम भएको अधिकृत वारिसको हैसियत अन्त्य गर्ने सम्बन्धी यो सूचना प्रकाशित गरी उक्त अधिकृत वारिसनामा बदर गरिएको हुँदा मुलुकी देवानी कार्यविधी संहिता २०७४ को दफा १५५ (१) (ग) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

पृष्ठ १ बाट क्रमशः

### कोशीमा ...

गण्डकीमा मन्त्रालय भागबण्डा र संख्यामै समझदारी हुन बाँकी छ। त्यहाँ एमाले कूल मन्त्रालयको ठीक आधा पाउनुपर्ने पक्षमा छ। आधा संख्याका मन्त्रालय भने कांग्रेससहित अन्य दल र तिनका सांसदलाई दिनुपर्ने एमालेको मत छ।

'मुख्यमन्त्रीलाई कठिन अवस्थामा साथ दिने माननीयज्यूलाई पनि सरकारमा समेट्ने भन्दै कांग्रेसको कुरा आएको छ, त्यो मानिँदैन,' एमाले गण्डकी प्रदेश संसदीय दलकी सचेतक देवका पहारी त्रिपाठीले भनिन्, 'यदि त्यसो हो कांग्रेसको भागमा जति मन्त्रालय छ, त्यति बाँड्दा भयो ।'

उसो त सर्वोच्च अदालतबाट तोक लगाएर मुख्यमन्त्री बनेका पाण्डेसँग एमालेविना नै बहुमत छ । गण्डकीको ६० सदस्यीय प्रदेशसभामा मुख्यमन्त्री पाण्डेसँग कांग्रेसका २७ जना, राप्रपाका दुई जना, नेपाल समाजवादी पार्टी (नेसपा) का फणीन्द्र देवकोटा र स्वतन्त्र सांसद राजीव (दीपक मनाङे) को समर्थन छ । सर्वोच्च अदालतले एमालेका खगराज अधिकारीलाई हटाएर पाण्डेलाई मुख्यमन्त्री नियुक्त गर्न परमादेश जारी गरेपछि देवकोटा र गुरुङले पाण्डे नेतृत्वको सरकारको काँध थापेका थिए ।

अप्ठेरो अवस्थामा पदको जोखिम मोलेर सरकार जोगाउन काँध थापेका माओवादीका देवकोटा र मनाङेलाई नहटाउने अडानमा मुख्यमन्त्री पाण्डे छन् । आफ्नै सरकार ढलाएर पाण्डेलाई साथ दिने मनाङे र फणिन्द्रलाई सकेसम्म मन्त्रिपरिषद्मा नराख्ने चाहना खासमा एमाले नेता खगराज अधिकारीको छ । तर, धेरैलाई व्यवस्थापन गर्नुपर्ने भएकाले मन्त्रालय बढाउने पक्षमा कांग्रेस छ । ११ वटासम्म मन्त्रालय बनाउन कांग्रेसको प्रस्ताव छ । तर, एमालेले भने मन्त्रिपरिषद् ठूलो बनाउन नहुने र भइरहेका मन्त्री तथा मन्त्रालयमा पनि समझदारी हुनुपर्ने अडान राखेकाले प्रदेशमा कुरा मिल्न सकेको छैन ।

यसअघि कांग्रेसबाट कृष्णचन्द्र नेपाली पोखरेल मुख्यमन्त्री हुँदा त्यहाँ मन्त्रालय फुटाएर १२ वटा पुऱ्याएका थिए । तर, खगराम मुख्यमन्त्री हुँदा घटाएर सातवटा बनाइएको थियो । हाल भने मन्त्रिपरिषद् ठूलो बनाउने पक्षमा मुख्यमन्त्री पाण्डे देखिएका छन् । यहीबीच दुवै दलले यसअघि नै सरकार विस्तार र साझा कार्यक्रमबारे समझदारी गर्न, मन्त्रालयको संख्या र भागबण्डा टुंग्याउन कार्यदल बनाएका थिए । कार्यदलले टुंगो लगाउन नसकेपछि दलका शीर्ष नेतालाई जिम्मेवारी दिइएको छ । एमालेबाट मन्त्री हुने दौडमा रहेकाहरूलाई लिएर एमालेका उपमहासचिव तथा सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङ र खगराज गुटका सांसदहरू प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेट्न पुगेका थिए । प्रदेशमा मन्त्री गुरुङ र खगराजको राजनीतिक टकराव छ ।

उता कोशीमा भने चार/चार मन्त्रालय बाँडफाँट गर्ने, मुख्यमन्त्री आलोपालो हुने सहमति गरेको छ । तीन गुटले दुई-दुई मन्त्रालय माग गरेका छन् । दाबी मन्त्रालय छ र पाउने मन्त्रालय चार भएपछि कांग्रेसमा कुरा मिल्न सकेको छैन । मधेस प्रदेश र बागमतीमा पनि शेखर समूहलाई मागेजति मन्त्रालय नदिएका देउवा दबाबमा छन् । मधेस प्रदेशमा शेखर समूहबाट भागबण्डा दिनलाई देउवाले राज्यमन्त्री बनाउन सिफारिस गरेका थिए । अहिले राज्यमन्त्री हटाइएपछि थप दबाब छ ।

■■■

### भारतले...

प्राधिकरणले हरियाणा राज्यलाई हाल १०९ मेगावाट विद्युत् बिक्री गरिरहेको छ ।

नेपालमा खपत गरी अतिरिक्त भएको बर्खायामको विद्युत् हरेक वर्ष जुनदेखि अक्टोबरसम्म विहार र हरियाणालाई बिक्री गरिने छ । योसँगै मध्यकालीन सम्झौताबमोजिम भारतका राज्यस्तरका वितरण कम्पनीलाई बिक्री गरिने विद्युत्को परिमाण ३६० मेगावाट पुगेको छ ।

आगामी अक्टोबरसम्म बिक्री गरिने विद्युत्को बिक्रीदर प्रतियुनिट आठ रूपैयाँ ७२ पैसा (५.४५ भारु) रहेको प्राधिकरणले जनाएको छ । गत वर्ष हरियाणलाई बिक्रीका लागि स्वीकृति दिइएको १०९ मेगावाटको प्रतियुनिट दर आठ रूपैयाँ ४० पैसा (५.२५ भारु) छ । यसमा भारतर्फको प्रसारण लाइन शुल्क, चुहावट, ट्रेडिङ मार्जिनलगायत सम्पूर्ण कर तथा शुल्क भने प्राधिकरणले व्यहोर्नुपर्ने छैन ।

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको बर्खायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ । भारतको इनर्जी एक्सचेञ्ज (आइएक्स)को रियल टाइम मार्केट, डे-अहेड बजारमा प्रतिस्पर्धी दरमा र मध्यकालीन विद्युत् सम्झौताबमोजिम हरियाणा राज्यलाई बिक्री गरिरहेको छ । भारतबाट स्वीकृति पाएसँगै अब विहारलाई पनि विद्युत् बिक्री सुरु हुने छ । प्रतिस्पर्धी बजार र मध्यकालीन सम्झौताबमोजिम भारतीय बजारमा २८ वटा आयोजनाबाट उत्पादित ९४१ मेगावाट विद्युत् बिक्री हुने छ ।

विवरणअनुसार ११.६४ मेगावाटको दोर्दी-एक, कूल १४.४५ मेगावाटको मायाखोला, ९.९९ मेगावाटको तल्लो पिलुवा, १०.६७ मेगावाटका तल्लो खारे, ११.६४ मेगावाटको माथिल्लो खिम्ती, ६.८ मेगावाटको माथिल्लो खिम्ती-दोस्रो, १४.४ मेगावाटको मोदी, १४.६ मेगावाटको गण्डक, १९.२१ मेगावाटको माथिल्लो सोलु र ११.६४ मेगावाटको दूधकुण्ड जलविद्युत् आयोजनाबाट उत्पादित १२५ मेगावाट विद्युत् विहारमा निर्यात हुनेछ । विहारसँग प्रसारण लाइन जोडिएका कटैया, रक्सौल र रामनगर विन्दुमार्फत विद्युत् निर्यात गरिने छ ।
यस्तै, ७५ मेगावाटको लिखु-एक र ५०.८९ मेगावाटको लिखु-२ बाट उत्पादित १२५.८९ थप विद्युत् हरियाणा राज्यमा बिक्री गरिने छ । प्राधिकरणले सुख्खायाममा नदीमा पानीको बहाव घटी देशभित्रका नदी प्रवाही जलविद्युत्गृहबाट विद्युत् उत्पादन घट्ने हुँदा गत आर्थिक वर्षमा भारतबाट एक अर्ब ८९ करोड युनिट अर्थात् १६ अर्ब ९३ करोड रूपैयाँको विद्युत् आयात गरेको थियो । तर, यही अवधिमा एक अर्ब ९५ करोड युनिट विद्युत् भारतर्फ निर्यात गरी १७ अर्ब छ करोड आम्दानी गरेको थियो । गत आर्थिक वर्षमा आयातभन्दा १३ करोड रूपैयाँभन्दा बढीको विद्युत् निर्यात भएको थियो । गत आवबाट खुद विद्युत् आयातकर्ताबाट नेपाल खुद विद्युत् निर्यातकर्ता बनेको छ ।

■■■

### नाम्चे...

विद्युत् परियोजना मर्मतका लागि आइतबारदेखि नेपाली सेनाको नेतृत्वमा नेपाल प्रहरीसहितको टोली खटिसकेको इलाका प्रहरी कार्यालय लुक्लाका इञ्चार्ज प्रहरी नायब निरीक्षक हेमबहादुर कट्वालले जानकारी दिए । उनले भने, 'नेपाली सेनाको नेतृत्वमा नेपाल प्रहरीसहितको टोली मर्मतमा खटिएका छन् । क्षति ठूलो भएकाले तत्काल आयोजना सञ्चालन हुने सम्भावना न्यून भएको जानकारी प्राप्त भएको छ ।'

विद्युत्गृहमा क्षति नभए पनि बाँध पूर्णरूपमा क्षतिग्रस्त भएको नाम्चेका स्थानीयसमेत रहेका राष्ट्रिय सभा सदस्य सोनामग्याल्जेन शेर्पाले बताए ।

बाढी र पहिरोमा बगेर आएर ठूला ढुंगा बाँधमा थुप्रिएका छन् । उक्त ढुंगा हटाउनका लागि स्काभेटर मेसिन आवश्यक पर्ने उल्लेख गर्दै खुम्बु बिजुली कम्पनीले आयोजना पुनः सञ्चालनका लागि केही समय लाग्न सक्ने जनाएको छ । हाल लुक्लाभन्दा तलको गाउँ थामडाँडासम्म मात्रै सडकको पहुँच रहेकाले सो स्थानसम्म स्काभेटर लैजान सहज नभएको कम्पनीको भनाइ छ ।

'बत्ती नहुँदा खुम्बु क्षेत्र अन्धकारमा छ, बाढीले क्षतिग्रस्त विद्युत् आयोजना कसरी सञ्चालन गराउने भन्नेबारेमा छलफलमा छौं,' राष्ट्रिय सभा सदस्य शेर्पाले भने । उनले आफूहरूले यस विषयमा प्रधानमन्त्री केपी शर्मा ओलीको ध्यानाकर्षण गराइसकेको उल्लेख गरे ।

उनले उक्त स्थानमा स्काभेटर मेसिन कसरी लैजाने विषयमा छलफल भइरहेको जानकारी दिए । 'मेसिन जतिसक्दो छिटो पुऱ्याउन सकियो त्यति नै चाँडो परियोजना पुनः सञ्चालनमा ल्याउन सकिन्छ, मानवीय जनशक्तिको मात्रै भर पर्ने हो भने एक वर्षभन्दा बढी समय लाग्ने देखिएको छ,' उनले भने ।

उक्त विद्युत् आयोजना सन् १९९३ मा स्थानीयको लगानी र अस्ट्रिया सरकारको सहयोगमा निर्माण भएको हो । सगरमाथा क्षेत्रमा पर्ने सो आयोजनाको क्षमता विस्तार गर्नका लागि भारत सरकारले सन् २०१३ मा चार करोड ४६ लाख रूपैयाँ सहयोग गरेको थियो । उक्त रकमबाट आयोजनाको पेनस्टक पाइप निर्माण गरिएको थियो । ६३० किलोवाट क्षमताको आयोजना भारत सरकारको सहयोगपछि स्तरोन्नति गरी ९३० किलोवाट क्षमताको बनाइएको थियो ।

उक्त क्षेत्रमा सोमबारदेखि नेपाल टेलिकमको मोबाइल सेवा आंशिकरूपमा सञ्चालनमा आएको जनाइएको छ । यद्यपि नाम्चेभन्दा माथिको क्षेत्रमा सञ्चार सम्पर्क हुन नसकेको प्रहरीले जनाएको छ । गत शुक्रबार दिउँसो थामेको शिरमा रहेका दुईवटा हिमताल फुट्दा थामे खोलामा आएको बाढीले खुम्बुसहित तल्लो सोलुका नदी आसपासका क्षेत्रमा क्षति पुऱ्याएको थियो । बाढीले खुम्बु पासाङल्हामु-५ थामेका २० घर तथा होटल लज, एउटा स्वास्थ्यचौकी र विद्यालय बगाएको थियो ।

बाढीले खुम्बु पासाङल्हामु-३ फाक्दिङदेखि नाम्चेतर्फको क्षेत्रमा करिब २०० मिटर पदमार्ग कटान गरेको थियो । बाढी भोटेकोसी हुँदै दूधकोसीमा मिसिँदा सोलुखुम्बुको तल्लो क्षेत्रमा पर्ने माप्य-खुम्बु मितेरी पक्की पुलमा क्षति पुगेको थियो । जसका कारण सल्लेरीबाट खुम्बुसम्मको आवतजावत अवरुद्ध भएको छ । *रासस*

## हुप्सेकोट गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
झ्यालवास, नवलपरासी (व,सु,पु,)

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**(प्रकाशित मितिः २०८१/०५/०४ गते)**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८१/०२/१७ गते प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना (Single Stage Two Envelop) अनुसार निर्धारित समय भित्र PPMO को E- Procurement Portal मा दर्ता हुन आएका बोलपत्रहरूमध्ये प्राविधिक प्रस्तावको मूल्याङ्कनमा तपसिल अनुसारको बोलपत्रदाताहरूले प्राविधिक प्रस्तावको शर्तहरू पूरा गर्न सफल भएको हुँदा सफल बोलपत्रहरूले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८१/०५/११ गते दिनको १३:०० बजे यस कार्यालयमा खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का न. | कामको विवरण | प्राविधिक प्रस्तावनामा सफल वोलपत्रदाताहरू |
|---|---|---|
| Hup/Ncb/W/03/080/81 | Shankhadev Ghaat Motorable Bridge Construction, Hupsekot-04, Nawalparasi (East) | - Anish and Aashish/Deep Jyoti JV, Pokhara, Kaski<br>- Buildcon/Asian JV, Bharatpur Chitan<br>- Habitat Construction/ Devchuli Nirman Sewa JV<br>- MY Construction and Builders, Falevaas-3, Parbat<br>- Parasi Nirman Sewa/ Chakra Devi Construction JV,<br>- N.N.S- PALUSTHAN JV<br>- Prasad and son builders and Nawalpur construction JV<br>- Thapa Engineering construction, Butwal Rupandehi |

**प्रमुख प्रशासकीय अधिकृत**

## सबैला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा
मधेश प्रदेश, नेपाल

## लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगको परीक्षामा वैकल्पिक वा अस्थायी योग्यताक्रम सूचीमा रहेका उम्मेदवारहरुलाई प्राथमिकताका आधारमा करार नियुक्ती सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित २०८१/०५/०४**

यस सबैला नगरपालिका वा अन्तर्गतका निकायमा तल उल्लेखित पद र संख्यामा करारमा कर्मचारी भर्ना गर्नुपर्ने भएकोले लोक सेवा आयोग वा कुनै पनि प्रदेश लोक सेवा आयोगले लिखित परीक्षा सञ्चालन गरेका प्रतियोगितात्मक परीक्षाको अन्तिम नतिजामा वैकल्पिक वा अस्थायी योग्यताक्रममा आ.व. २०७७/७८ वा त्यसपछीका विज्ञापनमा नाम समावेश भएका ईच्छुक उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिएको छ। यस सम्बन्धमा थप सूचना नगरपालिकाको वेवसाईटमा आवश्यकता अनुसार प्रकाशन गरिनेछ।

| विज्ञापन नं. | पद | तह | सेवा/समूह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १/०८१-८२ | कृषि स्नातक | छैठौ | कृषि/कृषि प्रसार | १ | |
| २/०८१-८२ | प्राविधिक सहायक (कृषि) | पाँचौ | कृषि/कृषि प्रसार | २ | |
| ३/०८१-८२ | पशु सेवा प्राविधिक | पाँचौ | कृषि/ला.पो.डे. | २ | |
| ४/०८१-८२ | फार्मेसी सहायक | पाँचौ | स्वास्थ्य/फार्मेसी | २ | |
| ५/०८१-८२ | ल्याव टेक्निसियन | पाँचौ | स्वास्थ्य/मे.ल्या.टे | १ | |
| ६/०८१-८२ | डेन्टल हाईजेनिस्ट | पाँचौ | स्वास्थ्य/डेन्टीस्ट्री | १ | |
| ७/०८१-८२ | रेडियोग्राफर | पाँचौ | स्वास्थ्य/रेडीयोग्राफी | १ | |
| ८/०८१-८२ | कम्प्युटर अपरेटर | पाँचौ | विविध | ३ | |

**दरखास्त दिने अन्तिम मिति २०८१ भाद्र १८**

**दरखास्त दिने विधि :** न.पा.को वेवसाईट www.sabailamun.gov.np मा रहेको दरखास्त दिने Link मार्फत।

दरखास्त उपर अध्ययन गरी उपयुक्त उम्मेदवार छनौट गर्ने अधिकार नगरपालिका कार्यालयमा रहनेछ।

**न्यूनतम योग्यता :** सम्बन्धित तह र पदका लागि लोक सेवा आयोगले तोके बमोजिम।

कृषि स्नातकका हकमा कृषि सेवाका वाली विकास वा योजना तथा तथ्याङ्क वा कृषि प्रसार वा वाली संरक्षण वा वागवानी विकास समूहका अधिकृतस्तरका पदमा वैकल्पिक उम्मेदवार रहेका उम्मेदवारहरुबाट, प्राविधिक सहायक (कृषि) पदमा उपरोक्त समूहहरुमा सहायक स्तर वा राजपत्र अनंकितस्तरका पदमा वैकल्पिक उम्मेदवारहरुले आवेदन दिन सक्नेछन्।

**पुनश्च :** पर्याप्त संख्यामा वैकल्पिक वा अस्थायी योग्यताक्रमका उम्मेदवारको दरखास्त नपरेका पदमा सबैला नगरपालिकामा करारमा प्राविधक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५ बमोजिम नियुक्ती हुने हुँदा अन्य उम्मेदवारले समेत फर्म भर्न सक्नेछन्। वैकल्पिक उम्मेदवारहरुबाट पदपूर्ति भई बाँकी रहेका पदमा त्यस्ता अन्य उम्मेदवारहरुबीच प्रतिस्पर्धा गराई नियुक्ती गरिनेछ।

***प्रमुख प्रशासकीय अधिकृत***



**भ्यागुतालाई भात खुवाउने पर्व** | भक्तपुरको मध्यपुर थिमि नगरपालिका निकोसेरास्थित ब्याङ गणेश मन्दिरमा 'ब्यांजा नकेगु' (भ्यागुतालाई भात खुवाउने) पर्वका अवसरमा सोमबार पूजा गर्दै स्थानीय । भ्यागुतालाई भात खुवाउने प्रचलन नेवार समाजको मौलिक संस्कृति हो । *तस्बिरः नारायण न्यौपाने/रासस*

# मंकीपक्स संक्रमणको जोखिममा नेपाल

**काठमाडौं (प्रस)**- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मंकीपक्स संक्रमणको जोखिममा नेपाल रहेको जनाएको छ ।

मंकीपक्स भाइरसको संक्रमण छिमेकी देश भारतमा द्रुतरूपमा फैलिरहेकाले जोखिम रहेको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए । 'नेपालमा अघिल्लो वर्ष एकजना विदेशी ६० वर्षीया महिलामा मंकीपक्स संक्रमण देखिएकाले पनि नेपाल मंकीपक्स संक्रमणको जोखिम नरहेको भन्न सकिँदैन,' उनले भने ।

उनले मंकीपक्सको पूर्वतयारीबारे मन्त्रालयले विषय विज्ञसँग सुझाव लिइसकेको बताए । मन्त्रालयले हवाई तथा सीमा नाकामा रहेका हेल्थ डेस्क तथा सरुवा रोगको निगरानी गर्न संघ, प्रदेश र स्थानीय तहलाई निर्देशन दिइसकेको प्रवक्ता डा. बुढाथोकीले जानकारी दिए ।

उनका अनुसार मन्त्रालयले सातवटै प्रदेशमा रोगको रोकथाम र व्यवस्थापनका लागि अस्पताल र चिकित्सक तोकेको छ । केही दिनयता अफ्रिकी मुलुक कंगोमा मंकीपक्स भाइरसका घातक प्रजाति 'क्लेड १ बी' फैलिरहेको छ । मन्त्रालयका अनुसार जनवरी यतामात्र उक्त भाइरसका कारण ५४८ जनाको मृत्यु भइसकेको छ । विश्व स्वास्थ्य संगठनले पनि मंकीपक्स संक्रमण बढिरहेकाले विश्वव्यापी जनस्वास्थ्य आपत्काल घोषणा गरेको छ ।

मंकीपक्स संक्रमित भएको व्यक्ति वा संक्रमित पशुसँगको सम्पर्कमा आउँदा, मानिसको घाउ, खटिरा, बिमिराको सम्पर्कबाट, शरीरमा निस्किएको तरल पदार्थ थुक, र्‍यालको सम्पर्कबाट, संक्रमित बाँदर, मुसा लोखर्केलगायत जनावरबाट र भाइरस रहेको ओछ्यान र लुगाबाट सर्दछ ।

मंकीपक्स संक्रमण भएमा ज्वरो आउने, सामान्यतया ज्वरो आएको एकदेखि तीन दिनभित्रमा छाला, अनुहार, हत्केला र पैतलामा डाबर देखापर्ने, डाबर परिवर्तन भई फोका हुँदै पाप्रा लागेर उप्किने, टाउको, ढाड र मांसपेशी दुख्ने र शरीरका ग्रन्थीहरू बढ्ने गर्दछन् । आँखामा संक्रमण भई दृष्टि गुम्ने, निमोनिया, मस्तिष्क ज्वरो, गर्भ खेर जाने र मृत्यु हुन सक्दछ ।

मन्त्रालयको पूर्वतयारी प्रतिकार्य र व्यवस्थापन भएता पनि नागरिकबाट जनस्वास्थ्यका मापदण्ड पालना भएमात्र मंकीपक्स संक्रमणको रोकथाम र नियन्त्रण गर्न सम्भव हुने जनाइएको छ ।

# मनाइयो ऋषितर्पणी, रक्षाबन्धन र जनैपूर्णिमा पर्व



**काठमाडौं (प्रस)**- प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिनमा मनाइने ऋषितर्पणी, रक्षाबन्धन एवं जनैपूर्णिमा पर्व सोमबार स्नान गरी नयाँ यज्ञोपवीत (जनै) धारणसहित डोरो बाँधेर मनाइएको छ ।

श्रावण महिनामा गरिने स्नान भएकाले यो पर्वलाई श्रावणी स्नान पनि भनिन्छ । सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु वृहस्पतिले रक्षा विधान तयार गरी जेले गर्दा अत्यन्त बलशाली दानवराज बली बाँधिए, त्यसैले म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित बन, बिचलित नहोऊ भनी डोरो बाँधेर जोगाएका थिए भन्ने पौराणिक मान्यताका आधारमा यो पर्व मनाउन सुरु गरिएको हो ।

यसैकारण रक्षाबन्धन गर्ने बेलामा गुरु पुरोहितले 'येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वां प्रतिबध्नामि रक्षेमा चलमाचल' भनी रक्षासूत्र, रक्षाबन्धन अथवा डोरो बाँध्ने वैदिक परम्परा रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चांग निर्णायक समितिका सदस्य प्रा.डा. देवमणि भट्टराईले बताए ।

मानव रक्षाका लागि जप, तप र पूजा गरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितले यजमानको नाडीमा बाँधिदिएका छन् । स्नानपछि जौ, तिल र कुशद्वारा ऋषिहरूलाई तर्पण गरी वैदिक रुद्राभिषेक पद्धतिबाट मन्त्रिएको नयाँ जनै (यज्ञोपवीत) फेरिएको छ ।

श्रावण शुक्ल पूर्णिमाका दिन सप्तऋषिहरू काश्यप, अत्रि, भारद्वाज, गौतम, जमदग्नि, वशिष्ठ र विश्वमित्रलाई तर्पण दिने गरिन्छ । ऋषिलाई तर्पण गर्ने भएकाले यस दिनलाई ऋषितर्पणी पनि भन्ने गरिएको हो । यसै दिन मन्त्रिएको जनै फेर्ने गरिएकाले नै श्रावण शुक्ल पूर्णिमालाई जनैपूर्णिमा पनि भनिन्छ ।

वैदिक गुरु परम्पराअनुसार यज्ञोपवीत अर्थात् जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागोका रूपमा मानिन्छ । जनैका दुई शिखामध्ये एउटा शिखामा रहने तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वरको प्रतीकका रूपमा पूजिन्छ । अर्को डोराको तीनवटा शिखालाई भने कर्म, उपासना र ज्ञानको त्रियोगका रूपमा लिइन्छ ।

यसदिन ११ थरिका गेडागुडी मिसाई भिजाएर टुसा उमारी क्वाँटी बनाएर खाने चलन छ । यसरी क्वाँटी बनाई खानाले शरीरमा रोग नलाग्ने, पेट सफा हुने र वर्षायामभर खेतीपातीको काम गर्दा शरीरमा लागेको चिसो निकाली भित्रदेखि नै तापको सञ्चार गर्छ भन्ने मान्यता छ ।

नेपालको तराई क्षेत्रमा भने आजकै दिन दिदीबहिनीले दाजुभाइलाई राखी बाँधेर मनाइएको छ । यसबाट दिदीबहिनी र दाजुभाइकाबीचमा प्रेमसम्बन्ध बढ्छ भन्ने सामाजिक मान्यता छ । राखी बाँध्ने परम्परा अहिले काठमाडौं उपत्यका र पहाडी जिल्लामा पनि सुरु भएको छ ।

यस अवसरमा सोमबार काठमाडौंको पशुपति, गोकर्णेश्वर, डोलेश्वर, सन्तानेश्वरलगायत शिवालय, उपत्यकाको उत्तर पूर्वी भेगस्थित मणिचूड, रसुवाको गोसाइँकुण्ड, ललितपुरको कुम्भेश्वर, सिन्धुपाल्चोकको पाँचपोखरी, धनुषाको जनकपुरधाम, धनुषसागर र गंगासागर, जुम्लाको दानसाधु एवं नवलपरासीको त्रिवेणीधामलगायतका ताल, पोखरी र कुण्डहरूमा मेला लागेको थियो ।

**मनाइयो गुन्हु पुन्ही**

नेवारी समुदायले भने श्रावण शुक्ल पूर्णिमालाई गुन्हु पुन्ही भनी मनाएका छन् । विशेषगरी क्वाँटी खाने परम्परा नेवारी समुदायको यसै पर्वबाट आएको हो भन्ने तर्क पनि एकथरी संस्कृतिविद्को छ । सोमबार नेवारी समुदायका मानिसले घण्टाकर्ण राक्षसलाई समाप्त पार्न योगदान गरी मानवीयतालाई बचाउन सहयोग गरेको विश्वासमा भ्यागुतालाई पूजा गरेका छन् ।

बौद्ध दर्शनलाई अँगाल्ने बौद्ध धर्मावलम्बीले भने यस दिनलाई भगवान् गौतम बुद्धले कामशक्तिमाथि विजय प्राप्त गरेको सम्झनामा मनाउने गर्दछन् । बौद्ध धर्मग्रन्थ ललितविस्तरमा यससम्बन्धी विस्तृतरूपमा व्याख्या गरिएको छ । यसैकारण सोमबार स्वयम्भूमा पनि विशेष मेला लागेको थियो । *(राससको सहयोगमा)*

## विश्व फोटोग्राफी दिवस

# पाटन दरबार क्षेत्रमा फोटो प्रदर्शनी



**पाटन (ललितपुर)**- विश्व फोटोग्राफी दिवसका अवसरमा पाटन दरबार क्षेत्रमा फोटो प्रदर्शनी गरेको छ । १८५औं विश्व फोटोग्राफी दिवसका अवसरमा सोमबार राष्ट्रिय फोटो पत्रकार समूह नेपाल (एनएफपिजे)ले पाटन दरबार क्षेत्रमा फोटो प्रदर्शनी आयोजना गरेको हो । 'जब हिमाल मुस्कुराउँछ' नाराका साथ गरिएको फोटो प्रदर्शनीमा नेपालका फोटो पत्रकारहरूले विभिन्न समयमा कैद गरेका हिमशृंखलाका ५० भन्दा बढी तस्बिरहरू राखिएका छन् ।

प्रदर्शनीको उद्घाटन गर्दै ललितपुरका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठले यस्ता प्रदर्शनीले फोटोग्राफरहरूको क्षमता प्रस्फुटनमा ऊर्जा थप्ने बताए । 'यो प्रदर्शनीले धेरै कुराहरूलाई सहयोग पुर्‍याएको छ, प्रदर्शनीमा राखिएका तस्बिरमा हाम्रा हिमालहरूको प्राकृतिक महत्त्वलाई उजागर गरेको छ, हाम्रा हिमालको अहिलेको अवस्थालाई चित्रण गरेको छ, जलवायु परिवर्तनको असरका बारेमा हामीलाई सुसूचित गरेको छ, एउटा तस्बिरले हजार शब्दमा व्यक्त गर्न नसकिने तथ्यहरूलाई व्यक्त गर्छ भनिन्छ, यो प्रदर्शनी धेरै दृष्टिकोणबाट महत्त्व राख्ने खालको छ,' उनले भने ।

प्राकृतिक मनोरम दृश्यले पर्यटकको आकर्षक बढाउने हुँदा यस्ता प्रदर्शनीले पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने उनको विश्वास छ । उनले जलवायु परिवर्तनको असरले हिमालमा परेको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न काम गर्नुपर्ने सन्देश तस्बिरमार्फत देखाएको बताए ।

हरेक वर्षको अगस्ट १९ तारिखलाई विश्व फोटोग्राफी दिवसको रूपमा संसारभरका फोटोग्राफरहरूले उत्सवका रूपमा मनाउँदै आएका छन् । नेपालमा सन् १९९७ मा राष्ट्रिय फोटो पत्रकार समूहको स्थापना भएसँगै प्रत्येक वर्ष विश्व फोटोग्राफी दिवस मनाइँदै आएको छ । फोटोग्राफीको इतिहास बुझाउन, अग्रज फोटोग्राफरको सम्मान र अनुजलाई प्रोत्साहन गर्ने उद्देश्यले यो दिवस मनाउने गरिएको छ ।

विश्व फोटोग्राफी दिवसको सन्दर्भ पारेर विश्वमा जलवायुको असरका कारण परेको असर र त्यसका कारण हाम्रा हिमालहरू पग्लिँदै गइरहेको अवस्थालाई दृष्टिगत राख्दै हिमाल बचाऊ अभियानलाई सार्थकता दिन प्रदर्शनी आयोजना गरिएको समूहका अध्यक्ष प्रदीपराज वन्तले जानकारी दिए ।

'नेपालका हिमाल र हिमाली क्षेत्रका पर्यटन, सांस्कृतिक र सामाजिक क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने उद्देश्यले यो प्रदर्शनी राखिएको हो, नेपाललाई विश्वसामु चिनाउन, पर्यटन प्रवर्द्धन गर्नाका साथै फोटो पत्रकारहरूको क्षमता अभिवृद्धिमा प्रदर्शन महत्त्वपूर्ण हुने विश्वास छ, व्यावसायिक फोटोग्राफरहरूका लागि हौसला प्रदान गर्न सहयोग मिल्ने छ भन्ने विश्वास छ,' अध्यक्ष वन्तले भने ।

फोटोग्राफी क्यामराको जननी मानिने 'क्यामेरा अब्स्क्युरा' बाट सुरु भएको थियो । विश्वमा श्यामश्वेत छविचित्र अनि फोटो ट्रान्समिटरका ती उदेकलाग्दा पर्खाइ छिचोल्दै फोटोग्राफी हरेक मान्छेको पहुँचमा आइपुगेको छ । विश्वमा फोटोग्राफीसम्बन्धी कल्पनाको उदय भएको झन्डै २०० वर्ष हुँदा फ्रान्समा यस क्षेत्रमा निकै अनुसन्धान र प्रयोगहरू भएका थिए । अँध्यारो कोठामा झ्यालढोकाको मसिनो प्वालबाट बाहिरको घामको किरण छिरेपछि उत्पन्न आकृति देखेका वैज्ञानिकहरूले ती आकृति सधैंका लागि कैद गर्ने प्रयासमा लागे ।

यसैबीच, सन् १८२६ मा जोसेफ निसेफोर नियप्सले आफ्नो घरको कौसीबाट देखिने दृश्यको फोटो करिब आठ घण्टा लगाएर खिचे । त्यही फोटो विश्वको पहिलो फोटोग्राफिक आकृति बन्यो । अस्पष्ट देखिने त्यो फोटोमा केही आकार र प्रकारमात्र देखिन्छ । पछि आएर सन् १८३८ मा लुइस डेगुरेले अझ प्रस्ट देखिने फोटोको आविष्कार गर्न सफल भए । त्यसबेलाको फोटो अहिलेकोझैं स्थायीरूपमा रहिरहने खालको थिएन । त्यो कालखण्डमा तस्बिर खिच्न आठ घण्टा लाग्थ्यो ।

सन् १८३९ मा मात्र व्यावहारिक रूपमा सफल फोटोको आविष्कार भयो । त्यसबेला खिचिएको सडकको दृश्यचित्रलाई प्रथम प्रस्ट चिनिने आकृतिसहितको सही फोटो मान्न सकिन्छ । वीरशमशेरका पालामा डम्बरशमशेरले नेपालमा फोटोग्राफीको सुरुआत गरेको मानिन्छ। बालकृष्ण समका छोरीपट्टिका नाति नवीनप्रकाशजंग शाहका अनुसार, डम्बरशमशेरलाई वीरशमशेरले पुरस्कारस्वरूप बेलायत र जर्मनीबाट जति पनि सामान भन्सार छुट गरी झिकाउने सुविधा दिएका थिए । त्यो बेलादेखि सुरु भएको नेपाली फोटोकारिता अहिले धेरै अगाडि बढिसकेको छ । यसमा नेपालका धेरै फोटोग्राफरहरूको महत्त्वपूर्ण भूमिका छ । *रासस*

# मनसुनी विपद्मा परी थप ८ जनाले गुमाए ज्यान

**काठमाडौं (प्रस)**- भारी वर्षाका कारण आएको बाढी, पहिरो डुबानलगायत मनसुनी विपद्मा परेर सोमबारसम्म १९० जनाको मृत्यु भएको छ । गएको २४ घण्टामामात्रै आठ जनाले ज्यान गुमाए । यससँगै गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायत विपद्मा १९० जनाको मृत्यु भएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिए ।

प्राप्त विवरणअनुसार काठमाडौं उपत्यकामा तीन, कोशी प्रदेशमा २७, मधेस प्रदेशमा आठ, बागमती प्रदेशमा ३२, गण्डकी प्रदेशमा ५६, लुम्बिनी प्रदेशमा ३६, कर्णाली प्रदेशमा १३ र सुदूरपश्चिम प्रदेशमा १५ जनाको ज्यान गएको छ ।

प्रवक्ता कार्कीकाअनुसार काठमाडौं उपत्यकामा ११, कोशी प्रदेशमा ३८, मधेस प्रदेशमा १२, बागमती प्रदेशमा २३, गण्डकी प्रदेशमा ४५, लुम्बिनी प्रदेशमा १८, कर्णाली प्रदेशमा ५७ र सुदूरपश्चिम प्रदेशमा ३४ जना गरी २३८ जना विभिन्न विपद्मा परी घाइते भएका छन् ।

सोही अवधिमा ११४ जनाको उद्धार गरिएको छ । बाढीपहिरोमा परी कोशी प्रदेशमा दुई, मधेस प्रदेशमा एक, बागमती प्रदेशमा ४१, गण्डकी प्रदेशमा दुई, लुम्बिनी प्रदेशमा एक, कर्णाली प्रदेशमा एक र सुदूरपश्चिम प्रदेशमा एक गरी ४९ जना बेपत्ता रहेका प्रहरीले जनाएको छ ।

बाढीका कारण सोमबारसम्म ३८४ घर डुबानमा परेका, ३२७ घर, ११२ गोठ, ५१ पुल, चार विद्यालय दुई सरकारी कार्यालयमा क्षति भएको छ । यस्तै, चार हजार ८१९ परिवार विपद्का घटनाबाट विस्थापित भएका प्रहरीले सोमबार सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।


**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : TWC ARABIA CO. LTD.

पूर्व स्वीकृति मिति २०८१/०५/०२ | LT. No. 309138 | चलानी नं. ६०२२३७७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crane Operator | 4 | 0 | 2500 | ८९,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Load unload Worker | 1 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ११ गते (27th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११७७/०७३/०७४

Pari Overseas Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : MICKEY CHIPS FOR PRODUCTION CHIPS

पुर्व स्वीकृति मिति : २०८१/०४/३२ | LT. No. 309087 | चलानी नं.६०२२३७०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 110 | ४८,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ११ गते (27th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

SUPREME OVERSEAS PVT. LTD.
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## ‘गाईजात्रे’ नेतालाई खबरदारी

आज गाईजात्रा । प्रत्येक वर्ष भाद्र कृष्ण प्रतिपदाका दिन मनाइने परम्परागत सांस्कृतिक पर्व ‘गाईजात्रा’ आज विभिन्न कार्यक्रमको आयोजना गरी देशभर मनाइँदै छ । एक वर्षभित्र दिवंगत भएका आफन्तको सम्झनामा आजका दिन गाई वा मानिसलाई गाईका रूपमा सिँगारी आ–आफ्ना क्षेत्रमा परिक्रमा गराउने र उनीहरूलाई श्रद्धालुद्वारा दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्य दान दिने चलन छ । यसरी नगरपरिक्रमा गर्नाले वर्षभरि मृत्यु भएका व्यक्तिहरू गाईको पुच्छर समाई वैतरणी पार हुन्छन् भन्ने धार्मिक विश्वास छ ।

यो त भयो गाईजात्राको धार्मिक तथा सांस्कृतिक पाटो । यो पर्वलाई हास्यव्यंग्यसँग पनि जोडिएको छ । पञ्चायती व्यवस्थाप्रति व्यंग्य गरेको भन्दै वि.सं. २०१७ पुस १ गतेको शाही ‘कू’पछि गाईजात्रामा पनि प्रतिबन्ध लागेको थियो । वि.सं. २०३३ मा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले महोत्सवका रूपमा झाँकी र हास्यव्यंग्यसहित गाईजात्रा फेरि मनाउन थालेको इतिहास छ ।

हास्यव्यंग्यले बुझ पचाएर जथाभावी गर्नेलाई सचेत गराउने र अनर्थकतामा सार्थकता झल्काउने जानकारहरूको भनाइ छ । आजभोलि गाईजात्राका अवसरमा समाजमा विद्यमान विकृति र विसंगति उजागर गरिन्छ । सार्वजनिकरूपमा मनोरञ्जनात्मक तथा व्यंग्यात्मक ढंगले विविध कार्यक्रमको आयोजनासमेत हुन्छ । पत्रपत्रिकामा पनि सामाजिक कुरीतिलाई समेटेर हास्यव्यंग्य अंक प्रकाशित गरिन्छ । यस अवसरमा हास्य कलाकारले पनि विशेष कार्यक्रमको आयोजना गर्ने गरेका छन् ।

हास्यव्यंग्य प्रस्तुतिमार्फत मुलुकमा विद्यमान राजनीतिक, आर्थिक तथा सामाजिकलगायत क्षेत्रमा व्याप्त विसंगतिहरूलाई उजागर गरिन्छ । यस्ता कार्यमा संलग्न नेताहरूमाथि व्यंग्यात्मक प्रहार गरिन्छ । रमाइलोका लागि मात्रै नभई नेतृत्वलाई सचेत गराउन पनि यस्ता हास्यव्यंग्य प्रस्तुतिहरूले भूमिका खेल्ने गर्दछ । त्यसैले वर्षमा एक दिन मनाइने गाईजात्राप्रति सबैको चासो र आकर्षण हुने गर्दछ । नेताहरू स्वयंले पनि आफैंमाथिको व्यंग्यात्मक प्रस्तुति अवलोकन गर्ने गरेका छन् ।

यो सांस्कृतिक पर्व वर्षमा एक दिन आउँछ । तर, मुलुकको राजनीतिमा सधैं गाईजात्रा चलिरहन्छ । सरकार बनेको छैन त्यसलाई ढाल्न अर्कोपक्ष लागि हाल्छ । फेरि सरकार बन्यो, अर्कोपक्ष ढाल्न लागिपर्छ । आज एउटासँग मिलेर सरकारमा पुग्छ । केही महिनामै गठबन्धन फेरेर फेरि सरकार बनाउँछ । यसरी सरकार बनाउने र ढाल्ने गाईजात्रा निरन्तर चलिरहन्छ । पार्टी स्वयंभित्र नै नेताहरूबीच खुट्टा तानातान चल्छ । यस्तो गाइजात्रे राजनीतिबाट नेताहरूले फाइदा लुटेकै छन् । देशको अवस्था भने झन् खराब बन्दै गएको छ । जनताले सकसै सकस बेहोर्नुपरेको छ । नेताहरूको यस्तो गाइजात्रे प्रवृत्ति अन्त्य नभएसम्म मुलुकको विकास र जनताले सुख अनुभूति गर्न पाउने परिकल्पना गर्नु बेकार हुने छ । यो गाईजात्राले नेताहरूमा सद्बुद्धि भरिदेओस् । बाह्रैमास चल्ने गाईजात्रा बन्द गरोस् ।

### मनन्योग्य
## चाणक्य नीति

धर्म र अधर्मका तत्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र सुनुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले युकेका होलान् । भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था बनेको छ । धर्ममा नै सबै कुरा आबद्ध छन् । यसैले धर्मलाई परम तत्व भनिएको छ ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ । यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन् । यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठात् देवता हुन् भनी मानिदै आएको छ । तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो शास्त्र र यसको तत्वलाई भलिभाती बुझेका ऋषि सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन् । यी नियमहरूको पनि देश, काल, पात्र, शक्ति, वय आदिले गर्दा अनेकौं भेद र प्रकारहरू बनेका छन् ।

यस सामाजिक नियमलाई जसले तोड्दछ, कसूर ठहरिन्छ । कसूरको मात्रालाई विचार गरर यस्तो कसूर गर्नेलाई दण्ड सजाय गर्ने नै ‘धर्म देवता’ हुन् । जसलाई ‘यमराज’ पनि भनिन्छ । यमराज कतिसम्म सावधान भई आफ्नो कर्तव्यको पालना गर्नुपर्छ अति सामान्य त्रुटी हुन गएछ भने यमराज स्वयम्ले पनि सजाय भोग्नु पर्द भन्ने कुरा हामी ज्यादै थोरै व्यीक्त मात्रले थाहा पाएका छौं ।

पृथ्वीको नैऋत्य कोणमा धर्मराजको संयमिनी सहर हालको यमन या युनान हो कि भनी अड्कल गर्न सकिन्छ) । त्यस सहरमा अति विशाल (भव्य) महलहरू थिए । त्हयाँ धर्मराज आफ्ना मन्त्रीहरू र धार्मिक सभासदहरूका साथ बस्ने गर्नुहनछ । क्रमशः

# सूचनाको हकसम्बन्धी ऐनको १७ वर्ष



■ धर्मेन्द्र झा

नागरिकको चाहना भ्रष्टाचारमुक्त असल शासन हो । निश्चय पनि यस आधारमा मात्र समृद्धितर्फको यात्रा सम्भव हुनसक्छ । यसका लागि निश्चितरूपमा पारदर्शी लोकतान्त्रिक शासन प्रणाली आवश्यक पर्दछ । यो सूचनाको निर्वाध सम्प्रेषण अर्थात् सूचनामा जनताको निर्वाध पहुँचको अवस्थामा मात्र सम्भव छ । सूचना लुकाउने वा लुक्ने अवस्था जति बढी हुन्छ त्यहाँ भ्रष्टाचार र अनियमितताको सम्भावना त्यति नै बढी हुन्छ ।

सूचनाको हकसम्बन्धी ऐन १७ वर्षअघि अर्थात् २०६४ भदौ ३ गतेदेखि कार्यान्वयनमा आएको हो । सोही वर्षको साउन ५ गते संसद्बाट पारित भएपछि ३० दिनभित्र जारी हुने प्रावधानअनुसार भदौ ३ गतेदेखि कार्यान्वयनमा आएको हो । सूचनाको हक कार्यान्वयनमा आउनेबित्तिकै सुशासनका साथै पारदर्शी र सहभागितामूलक लोकतन्त्र प्रवर्द्धनका सन्दर्भमा नयाँ बहस प्रारम्भ भयो भन्दा अस्वाभाविक हुँदैन । कालान्तरमा यो बहस यतिमा मात्र सीमित रहेन । यो बहस, सूचनाको हकलाई भ्रष्टाचारमा लगाम लगाउने एक सशक्त औजार, नागरिक स्वतन्त्रताको उपयोगलाई थप परिस्कृत बनाउने एक आधार र मिडियालाई थप धारिलो बनाउने संस्कार विकसित गर्ने सन्दर्भमा पनि विस्तार भयो ।

निश्चय पनि कुनै पनि देश र समाजको विकासका लागि सुशासन आवश्यक पर्दछ । यही सुशासनयुक्त राज्य संयन्त्रको उपस्थितिमा देशले चाहेको जस्तो नवनिर्माण र समृद्धि सम्भव हुनसक्छ । यसका लागि सूचनाको हक सहायकसिद्ध हुनसक्ने सर्वत्र स्वीकार गरिएको छ । भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने दिशामा यो कानुनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । यसमा शंका छैन । यसका पक्षमा अनेकौं उदाहरण प्रस्तुत गर्न सकिन्छ । आजको युगमा विश्वव्यापी अभ्यासहरूबाट यो तथ्य प्रमाणित भइसकेको छ ।

यसै ऐनको प्रयोग गरेर पछिल्लो केही वर्षमा छिमेकी राष्ट्र भारतले उल्लेख्य सफलता प्राप्त गरेको उदाहरण हाम्रासामु छ । अन्य देशमा पनि यो ऐनको प्रयोग बढ्दो छ । नेपालमा पनि यो कानुन छ र यस कानुनअनुरूप सेवाग्राहीलाई आवश्यक सूचना उपलब्ध गराउन, जनताको सूचनाको हक संरक्षण, प्रवर्द्धन र प्रचलन गर्न यही सूचनाको हकसम्बन्धी ऐनका आधारमा राष्ट्रिय सूचना आयोगको गठन गरिएको छ ।

पछिल्लो अभ्यासले के देखाएको छ भने नेपालमा सूचना आयोग जनतालाई सूचना उपलब्ध गराउने दिशामा सक्रिय रहन खोजेको छ तर यहाँ सूचनाको माग गर्नेहरूमा नै उत्साहको अभाव छ । स्वयं सूचना आयोगका पदाधिकारीहरूबाट पनि सूचना मागको संस्कृति मौलाउन नसकेको धारणा यदाकदा स्वीकार गर्ने गरिएको सार्वजनिक हुने गरेको छ । यस अवस्थाले निश्चय पनि यो हकका पक्षपातीलाई केही सोच्न बाध्य बनाएको छ । आयोगले भने आफूकहाँ प्राप्त निवेदनमध्ये अधिकांशमा निर्णय दिएर मुलुकमा सूचना संस्कृतिको विकासमा टेवा पुऱ्याउने प्रयत्न गरेको छ, जो स्वागतयोग्य छ ।

सूचनाको हकसम्बधी ऐनअनुसार सार्वजनिक महत्त्वका सूचना प्रवाह गर्नुपर्ने दायित्व सार्वजनिक निकायको हो । तर, नेपालमा भने सार्वजनिक निकायको परिभाषाकै सम्बन्धमा अहिलेसम्म एक प्रकारको अलमल अनुभव गरिएको छ । सामान्यतया सार्वजनिक प्रयोजन र हितका लागि स्थापित जुनसुकै संस्थालाई सार्वजनिक निकाय मानिनुपर्ने हो तर नेपालमा यसबारे समान धारणाको विकास भइसकेको छैन । यद्यपि, ऐनले सार्वजनिक निकायको फराकिलो परिभाषा दिन खोजेको छ तर व्याख्यामा एकरूपता नहुँदा कतिपय निकाय आफूलाई सार्वजनिक हुने दायित्वबाट उन्मुक्त बनाउन खोज्दछन् र सफल पनि हुन्छन् । सूचनाको हकसम्बन्धी ऐन लागू भएको दिनलाई महत्त्वपूर्ण दिवस मान्दै गर्दा यी विषयका बारेमा थप छलफल अपेक्षित छ भनियो भने असंगत हुने छैन ।

पारदर्शिताको अभावमा भ्रष्टाचार मौलाउनेमात्र होइन, संस्थागत हुने वातावरणको निर्माण हुन्छ । सूचनामा पारदर्शिता नहुँदा दोषीले उन्मुक्ति पाउने सम्भावनाबाट इन्कार गर्न सकिँदैन । सूचना आयोगले यसै अवस्थामा अंकुश लगाउने अपेक्षा गरिन्छ । यसै अपेक्षाअनुरूप भ्याट बिल छली, प्रवेशिका, उच्च मावि र विश्वविद्यालय परीक्षाको कापी हेर्ने, लोकसेवा परीक्षाको कापी हेर्ने, आयल निगमको तेल वितरण, पत्रकार जेपी जोशी हत्या प्रकरण, न्यायाधीश स्वयंले न्याय पाएको आदि सन्दर्भमा आयोगले महत्त्वपूर्ण नजिर स्थापना गरेर सुशासनका दिशामा कोशेढुंगा थपेको विश्लेषण गर्न सकिन्छ । तर, आमनागरिकका बीचमा आफूलाई थप प्रभावकारीरूपमा उभ्याउन आयोगले आफ्नो आकारमा थप वृद्धि खोज्नु भने अपरिहार्य छ ।

सुशासनको लोकतन्त्रसँग अत्यन्त घनिष्ठ सम्बन्ध छ । वास्तवमा दुवै एकअर्काका पूरक हुन् । न त सुशासनविना लोकतन्त्र गतिशील हुन सक्दछ न त लोकतन्त्रविना सुशासन नै कायम हुन सक्दछ । जबजब सुशासनको कुरा उठ्छ पारदर्शी र खुलापन तथा जनउत्तरदायीजस्ता शब्दसँगै रहने अपेक्षा गरिन्छ । सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनको सन्दर्भले सुशासन र लोकतन्त्रको भावनालाई बल पुऱ्याउँछ ।

लोकतन्त्रले शासनका संयन्त्रहरू खुला र जिम्मेवार हुनुपर्ने अपेक्षा राख्दछ । लोकतन्त्रले सूचनामा व्यक्तिको निर्वाध पहुँचको वकालत गर्दछ । विश्वका सरकारहरूले आफूलाई यस कसीमा मूल्यांकन गर्नु अपरिहार्य छ । जसले आफू लोकतान्त्रिक भएको दाबी गर्दछ, उसलाई सूचनामा जनताको पहुँच स्थापनाका लागि पहल नगर्ने छुट छैन र छुट हुनु पनि हुँदैन ।

नागरिकको चाहना भ्रष्टाचारमुक्त असल शासन हो । निश्चय पनि यस आधारमा मात्र समृद्धितर्फको यात्रा सम्भव हुनसक्छ । यसका लागि निश्चितरूपमा पारदर्शी लोकतान्त्रिक शासन प्रणाली आवश्यक पर्दछ । यो सूचनाको निर्वाध सम्प्रेषण अर्थात् सूचनामा जनताको निर्वाध पहुँचको अवस्थामा मात्र सम्भव छ । सूचना लुकाउने वा लुक्ने अवस्था जति बढी हुन्छ त्यहाँ भ्रष्टाचार र अनियमितताको सम्भावना त्यति नै बढी हुन्छ । नेपालमा पनि लोकतन्त्रलाई संस्थागत गर्न र शासनको दैनन्दिन प्रक्रियामा नागरिकलाई सहभागी गराउन सूचनाको हकलाई संविधानमै व्यवस्थित गरी १७ वर्षअघि ऐन ल्याइएको हो । तर, यस अवधिको मूल्यांकनका आधारमा के भन्न सकिन्छ भने कार्यान्वयनका सन्दर्भमा सन्तोष मान्न सकिने अवस्था छैन । आमव्यक्तिले त यस हकको समुचित प्रयोग गर्न सकेका छैनन नै मिडिया पनि यो हकको प्रयोगका सन्दर्भमा गम्भीर हुन सकेको छैन । सूचनाको हक प्रयोग गरी मिडियाले समाचार संकलन र सम्प्रेषणको कार्यलाई तीव्रता प्रदान गर्न सक्यो भने विद्यमान अवस्थामा सुधार आउने अपेक्षा गर्न सकिन्छ र यसले समृद्धिको दूर यात्रालाई सम्भव बनाउनसक्छ ।

कतिपय सूचनादाताबाट यो कानुन जान्ने व्यक्तिबाट यदाकदा दुरूपयोग हुने खतरा पनि बढेको गुनासो आउने गरेको छ । एकातिर ठूलो संख्यामा सम्बद्ध व्यक्तिबाट यो कानुनको प्रयोग नहुनु र अर्कोतर्फ केही जान्नेबाट यसको दुरूपयोग हुने सम्भावना बढ्ने अवस्था निकै विरोधाभाषपूर्ण छ । यसबारे पनि आयोग गम्भीर हुनु जरुरी छ । साँच्चै यस्तो अवस्था हो भने यो कानुनको प्रभावकारिता र लोकप्रियतामाथि प्रश्नचिह्न तेर्सिन सक्छ । यो विषय निकै दुःखद हुनेमा विमति हुन सक्दैन ।

यो हकको कार्यान्वयनका सन्दर्भमा सार्वजनिक निकायमा अर्को समस्या पनि देखिने गरेको छ । प्रायःजसो कर्मचारी सूचना अधिकारीको भूमिका निर्वाह गर्न सहजै तयार हुँदैनन् । यो दायित्व निर्वाहका लागि कसैले कुनै आकर्षण बोध गर्दैनन् । कानुन जारी भएको १७ वर्ष बितिसक्दा पनि यस दायित्वलाई पेसागत पदका रूपमा रूपान्तरण गर्न सकिएको छैन । एउटै कर्मचारीले दोहोरो जिम्मेवारी वहन गर्नुपर्ने र यस्तो दोहोरो जिम्मेवारी वहन गरेबापत आकर्षणका रूपमा लिन नसकिने कुनै सेवा सुविधा वा अवसर उसले नपाउने अवस्था छ ।

तर, सूचना अधिकारीका रूपमा थप दायित्व व्यहोर्ने क्रममा सम्बद्ध कर्मचारी सम्भावित जोखिम मोल्नुपर्ने बाध्यतामा भने हम्मेसी रहन्छ । यस्तो अवस्थामा त्यस्तो कर्मचारी सूचना मागको संस्कृति विकसित नहोस् भन्ने चाहन्छ भने निश्चय पनि यसले एक फरक बहस निम्त्याउने छ । यस्तोमा सरकारी सेवामा अन्य सेवा समूहजस्तै सूचना सेवा वा समूहको फरक व्यवस्था गरी स्थानीयदेखि संघसम्म कर्मचारीको ‘करिअर’ सुनिश्चित गर्नु जरुरी छ र यसका लागि सूचना आयोग पनि क्रियाशील हुनु अपेक्षित छ । माथि उल्लेख गरिएका अवस्थामा सुधार ल्याउन सकेका खण्डमा यो ऐनको कार्यान्वयनमा थप उपलब्धि प्राप्त हुने पक्का छ ।

*(लेखक राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष हुन्) ।*

# गाईजात्रा एक, कथा अनेक



■ पदम श्रेष्ठ

मृतात्माको स्मरण सुःखावती भूवनमा वास र निर्वाणको कामना गर्दै प्रत्येक वर्ष गुँलागा पारुका दिन मृतकका घरघरबाट साःया अर्थात् गाईजात्रा निकाल्ने परम्परा छ । जुन व्यंग्यात्मक हास्यव्यंग्य प्रहसन नेवार समाजबाहेक पनि गाईजात्रे पत्रपत्रिका, नाटक तथा सञ्चारका माध्यमबाट राष्ट्रिय चाडको रूप धारण गरिसकेको छ ।

क्वाँटी पुन्हि नौ थरी गेडागुडीको क्वाँटी खाएर र जनैपूर्णिमा तागाधारीहरूले जनै फेरेर त अन्यले हातमा डोरो बाँधेर मनाए । क्वाटी अर्थात् मास, भटमास, ठूलो-सानो केराउ, चना, बोडी, मुङ, सिमी र बकुल्ला नौ थरी गेडागुडी भिजाएर टुसा आएपछि विशेष तरिकासँग बनाएर क्वाँटी (तातो झोल) खाने हुँदा यस पर्वलाई नेपाल भाषामा गुन्हुपून्ही भनिएको हो । क्वाँटी खानाले शरीरमा सर्दी-गर्मीको सन्तुलन, शक्तिवर्द्धक र पेटको विकार नास गर्छ भन्ने मान्यता पाइन्छ । यसदिन तागाधारीले पुरानो जनै फर्चाँकी नयाँ जनै फेर्ने गर्छन् । जनै नलगाउनेले पनि ब्राह्मणको हातबाट दायाँ हातमा रक्षाबन्धन (डोरो) बाँध्ने गर्दछन् । तिहारको लक्ष्मीपूजाको दिन उक्त डोरो गाईको पुच्छरमा बाँधी पूजा गर्ने प्रचलन छ । गुन्हुपून्ही अर्थात् जनैपूर्णिमा नेवार, क्षत्री, ब्राह्मण तीन सम्प्रदायबीचको साझा पर्व हो । यसदिन ब्राह्मणले जनै लगाइदिने र क्वाँटी, पीठो, आलु, चामल, बेसार, दाल, घिउ, नुनसहितको दक्षिणा दान लिई फर्कने गर्दछन् ।

बौद्ध धर्मग्रन्थ ललित विस्तारमा जनैपूर्णिमाको दिन भगवान् गौतम बुद्धले अनेक आपत्तिलाई समेत जितेर सम्यक भएको कथन छ । यसदिन यमराजले यमलोकमा रहेका धर्मात्मालाई षडाक्षरी लोकेश्वरका रूपमा धर्मदेशना प्रदान गरेका थिए । यसै दिनको स्मरण गुन्हुपून्हीको आठ दिनसम्म प्रत्येक बिहान उपत्यकाका महाविहारमा प्राचीन थाङ्का, पौभा र देवताका मूर्ति सार्वजनिक प्रदर्शन गर्नुका साथै गुँला बाजा बजाउँदै स्वयम्भू परिक्रमा गर्ने परम्परा छ । रसुवाको गोसाइँकुण्ड, सिन्धुपलाञ्चोकको पाँचपोखरी, साँखुस्थित मणिच्युड महाराज (बुद्धको पूर्वअवतार)को बासस्थान मणिच्युड दहमा मेला लाग्दछ ।

अर्को आख्यानअनुसार दानव र देवता मिली समुद्र मन्थन हुँदा निस्किएको कालकुट विष सेवन गरेका महादेव छटपटाउँदै रसुवाको सिलुगोसाइँकुण्ड पुगे छन् । विषपानबाट छटपटाएका महादेवलाई समेत शान्त पार्नसक्ने तीर्थस्थल शिलुतीर्थमा जनैपूर्णिमाका दिन काठमाडौंलगायत देशका विभिन्न स्थानबाट ठूलो संख्यामा तीर्थालु श्राद्ध, दान, पितृ तर्पण गर्न पुग्ने गर्छन् । यसदिन शिलु जान नपाएका वा नसक्नेले पाटनको क्वन्ती (बालकुमारी) पुग्ने गर्दछन् । जनैपूर्णिमाकै दिन काठमाडौं उपत्यकाका ज्यापू समुदायमा ब्याँचा र क्वया जङ्कु नाउँका काग र भ्यागुतोलाई खानेकुरा खुवाउने परम्परा छ । शुभ समाचार दिने काग र खेतको उर्वरशक्तिलाई मलजल गर्न पानी बोलाउने भ्यागुताको गुणलाई स्मरण गर्दै पूजा गर्ने गरिएको हो । जनैपूर्णिमामा बनेपाको शिलुमा मेला लाग्छ ।

**गाईजात्रा एक, कथा-कुथुरी अनेक**

मृत्युलाई शाश्वत् सत्यका रूपमा आत्मसात् गर्दै जीवनमा राम्रो काम गरे हाँसोको पात्र बन्नु पर्दैन भन्ने सन्देशका साथ देशभर नेवार समुदायले गाईजात्रे झाँकी प्रदर्शन गर्छन् । मृतात्माको स्मरण सुःखावती भूवनमा वास र निर्वाणको कामना गर्दै प्रत्येक वर्ष गुँलागा पारुका दिन मृतकका घरघरबाट साःया अर्थात् गाईजात्रा निकाल्ने परम्परा छ । जुन व्यंग्यात्मक हास्यव्यंग्य प्रहसन नेवार समाजबाहेक पनि गाईजात्रे पत्रपत्रिका, नाटक तथा सञ्चारका माध्यमबाट राष्ट्रिय चाडको रूप धारण गरिसकेको छ ।

आख्यानअनुसार ने.सं. ५७५ कालीन राजा प्रताप मल्लका कान्छा राजकुमार चक्रवतीन्द्र मल्लको शीतला रोगका कारण मृत्यु हुन पुग्दछ । राजकुमारको मृत्युमा भावविह्वल रानी राजमतीलाई शान्त राख्न राजाले जसको घरमा वर्षभरि आफन्तको मृत्यु भएको छ, उसको नाउँमा गाईजात्रा निकाल्न उर्दी जारी गरे ।

देशवासीले मृतकका नाउँमा निकालेको सापारु झाँकी हास्य प्रहसनदेखि रानीमा अनित्य संसारको सत्य ज्ञान भई आत्मसन्तुष्टि मिलेको बताइन्छ । गाईजात्रा राजा प्रताप मल्लदेखि सुरू भएको भनिएता पनि मृतकको नाउँमा झाँकी निकाल्ने परम्परा गोपाल राजवंशावलीमा उल्लेख भएअनुरूप राजा जयस्थिति मल्लको राज्यकाल ने.सं. ५०० तिर नै गीत गोविन्दावली गाउँदै देश परिक्रमा गर्ने परम्परा रहेको प्रमाणित गर्दछ भने ललितपुरको लुभुमा नयाँ घर निर्माण गर्दा धाःधिमे बाजा बजाउँदै देश परिक्रमा गर्ने अझै चलन छ । बौद्ध परम्परानुसार मृतकका नाउँमा गुँलागा द्वितीया गाईजात्राको भोलिपल्ट ललितपुरको मंगलबजारबाट निकालिने मतयाः दीपयात्रा नेकू वा श्रृंगभेरी जात्राको इतिहास केशर पुस्तकालयमा उल्लेख भएअनुसार राजा गुणकामदेवको राज्यकालमा नै पुनःउत्थान भइसकेको खुल्दछ । समष्टीगतरूपमा सापारु गाईजात्रा स्थान विशेष ऐतिहासिक आधारमा छुट्टाछुट्टै झाँकी प्रदर्शन गरिने परम्परा रहेको पाइन्छ ।

येंमी अर्थात् काठमाडौंवासीले मृतकका विभिन्न स्थानबाट गाईजात्रा सापारु झाँकी ल्याई हनुमानढोका राजदरबारमा परिक्रमा गरी दान लिने दिने गरिन्छ भने कीर्तिपुको पाँगा, मच्छेगाउँमा बाःचाहिले जात्रा हुन्छ । भक्तपुर ख्वपको दरबार क्षेत्रमा घिन्ताकिसी र तायमचा जात्रा हुन्छ । खोकनाको पोखरीमा बाखी हत्याजात्रा गरिन्छ । त्यसैगरी ग्वल पशुपति र नरहाँडी गाउँमा यसै दिन पायो जात्रा निकालिन्छ । पाटन ललितपुरमा श्रृंगभेरी नेकुजात्राः ललितपुरका १० टोल (चक्रवही, इखाछें बुबहाल, हौग, वकुवहाः, इखालखु,कोवहाः, सौगः, नःवही, मंगःप्याल) ले पालैपालो प्रत्येक वर्ष गाईजात्राको भोलिपल्ट नेकुजात्रा-मतयाः जात्रा निकालिन्छ । भदौ कृष्ण द्वितीयाका दिन ललितपुर बुद्धचैत्य स्थलमा मृतकका नाउँमा दीपदान गर्ने र राँगाको सिङ बजाउँदै नगर परिक्रमा गर्ने हुँदा यस पर्वलाई मतया-नेकुजात्रा भनिएको हो ।



**देवघाटमा श्रावणी स्नान** | जनैपूर्णिमाका दिन सोमबार बिहान पवित्रस्थल देवघाटमा श्रावणी स्नान (गणस्नान) गर्दै पण्डित एवं पुरोहितहरू । स्नानपछि वैदिक रुद्राभिषेक पद्धतिद्वारा जनै र रक्षाबन्धन धागो मन्त्रने परम्परा रहेको छ । *तस्बिरः सनद अधिकारी/रासस*

# कोसी कहरको १६ वर्षः तंग्रिँदै छन् पीडित

■ **अजितकुमार झा**

**इनरुवा (सुनसरी)**- सप्तकोसी नदीको पूर्वी तटबन्ध फुटेको १६ वर्ष पूरा भई १७औं वर्षमा प्रवेश गरेको छ । बाढी आएको र करोडौंको धनजन क्षति भएको घटना अझै पीडितले भुल्न सकेका छैनन् ।

घटनाको १६ वर्षमा बल्ल पीडित परिवार पूर्वावस्थामा फर्किंदै छन् । २०६५ भदौ २ गते कोसी नदीको पूर्वी तटबन्ध फुटेर गाउँमा पस्दा सुनसरीको तत्कालीन पश्चिम कुशाहा, श्रीपुरजब्दी र हरिपुर गाविस पूर्णरूपमा तथा लौकही गाविस आंशिकरूपमा डुबान भएका थिए । यो दिन कोसीपीडितले कालो दिनका रूपमा लिन्छन् ।

साबिक पश्चिम कुशाहा गाविस-४ स्थित कोसी नदीको पूर्वी तटबन्धको स्पर नं १२.१० तथा स्पर नं १२.९० को बीचमा पानीको धक्काले तटबन्ध फुटेपछि बाढी गाउँमा पसेको थियो । कोसीको भंगालो गाउँमा पस्दा सात हजार ५६३ घरधुरीका ४२ हजार ७६५ स्थानीय विस्थापित भएका थिए ।

पीडितलाई राहत, क्षतिपूर्ति तथा पुनःस्थापनाका माग राखेर पीडितले २०६५ भदौ २७ गते आन्दोलनको घोषणा गरेको थियो । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले देशवासीको नाममा सम्बोधन गर्दै कोसीपीडित क्षेत्रको समस्या समाधानका लागि एक उच्चस्तरीय कार्यदल गठन गर्ने प्रतिबद्धता जनाएका थिए । सोही प्रतिबद्धताअनुसार २०६५ फागुन २२ गते नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट तत्कालीन सभासद नन्दनकुमार दत्तको संयोजकत्वमा २० सदस्यीय कोसी बाढीपीडित व्यवस्थापन उच्चस्तरीय कार्यदल गठन भएको थियो ।

सो कार्यदलले यथार्थ प्रतिवेदन तयार पारेर सरकारलाई बुझाएको १६ वर्ष बितिसकेको छ । तर, अझै उक्त प्रतिवेदन पूर्णरूपमा कार्यान्वन नगरिएको पीडित बताउँछन् । कार्यदलको प्रतिवेदनमा पीडितको वर्गीकरण गरिएको थियो । रातो क्षेत्रमा पर्ने पीडित परिवारमध्येबाट जग्गा सुधारका लागि ट्र्याक्टर खरिद गर्न चाहनेलाई शून्य प्रतिशतमा कर्जा उपलब्ध गराउने, विभिन्न बैंक तथा वित्तीय संस्थाबाट बाँध फुट्नुअघि पीडितले लिएको सम्पूर्ण ऋण मिनाहा गर्ने, पीडित परिवारलाई नेपालभर निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था तीन वर्षका लागि उपलब्ध गराउनेलगायत उल्लेख थियो ।

कार्यदलले वैदेशिक तथा स्वदेशी रोजगारीमा बाढीपीडित परिवारका बेरोजगार युवायुवतीलाई प्राथमिकता दिने, वैदेशिक रोजगारीमा सरकारी कोटा उपलब्ध गराई निःशुल्क राहदानी दिनेलगायत थुप्रै सुझाव प्रतिवदेनमार्फत सरकारलाई दिएको थियो तर ती प्रतिवेदनमा उल्लेख गरिएका सुझावमध्ये आंशिकमात्रै कार्यान्वयन भए ।

नियमित उब्जाउ हुने खेतमा बालुवा भरिएपछि अझै अधिकांश कृषकले पूर्णरूपमा खेतीपाती गर्न नपाएको कोसीपीडित संघर्ष समितिका पूर्वअध्यक्ष पञ्चनरायाण मण्डलले बताए । घटनाको एक वर्षपछि पुनःस्थापित भए पनि पूर्ववत् अवस्थामा बालीनाली लगाउन नसक्दा जीविका चलाउनै कठिन भएको स्थानीय विन्देश्वर मेहताले बताए ।

पीडितले अझै राहतको महसुस गर्न नसकेको स्थानीय अमरेन्द्र झाले बताए । १६ वर्ष बित्दा पनि विस्थापित र पुनःस्थापित हुँदाको अवस्थामा उल्लेख्यरूपमा सुधार हुन सकेको छैन । सरकारले कोसीपीडितका लागि यस अवधिमा दुई अर्बभन्दा बढी खर्च गरेको छ । तर, खर्चको प्रभावकारी अनुगमन नगरिएको पीडितको गुनासो छ ।

कृषि, शिक्षा, स्वास्थ्य, पशु, आवास, पुनःस्थापना, पुनर्वास, राहतलगायतको शीर्षकमा सरकारले सहयोग गरेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । केही कोसीपीडित करोडपति बनेका छन् भने कोही अझै राहतको पर्खाइमा छन् । कतिपयले विराटनगर, इटहरी, इनरुवा र सहरी क्षेत्रमा घरजग्गा जोडेका छन् । कतिपय एक छाक टार्ने समस्यामा छन् । केहीले पढाउन नसकेर १४ देखि २० वर्षमुनिका छोराछोरीलाई राजधानी काठमाडौं तथा भारतीय सहरमा कमाउन रोजगारीका लागि पठाएको स्थानीय अशोक मेहताले बताए ।

विस्थापितमध्ये एक हजार ४२२ परिवार सुकुम्वासी थिए । उक्त सुकुम्वासीमध्येका २३५ सुकुम्वासी परिवारलेमात्रै प्रतिपरिवार दुई कट्ठा जग्गा र घर पाएका छन् । उक्त बाढीले ४१ जनाको ज्यान गएको थियो । *रासस*

# शान्ति प्रक्रियाको जग: सिक्लेस

■ **रामबहादुर थापा**



**गण्डकी-** 'तुल, ब्यानर र झण्डाले गाउँ नै राताम्मे थियो, तत्कालीन जनमुक्ति सेनाले पहरा दिएको थियो,' शिक्षक गेहेन्द्र गुरुङले विगत सम्झँदै भने, 'सिक्लेस गाउँमा माओवादी शीर्षनेता शिविरमा बसेका थिए ।' यो वि.सं. २०६३ जेठको अन्तिम साताको कुरा हो । कास्कीको उत्तरपूर्वी गाउँ सिक्लेसमा तत्कालीन नेकपा माओवादीको केन्द्रीय प्रशिक्षण चलिरहेको थियो ।

माओवादी अध्यक्ष पुष्पकमल दाहाल, डा. बाबुराम भट्टराईलगायत उच्च तहका नेताहरू प्रशिक्षणमा सहभागी थिए । 'अध्यक्ष दाहाललगायत नेताहरू अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको भवनमा बस्नुभएको थियो, अन्य नेता, कार्यकतासहित समाजघरमा बाँडिएर बस्नुभएको थियो,' शिक्षक गुरुङले भने । माओवादी र तत्कालीन सात राजनीतिक दलबीच वि.सं. २०६२ मंसिरमा भएको १२ बुँदे समझदारीपछि शान्ति प्रक्रियाको जग बसेको ठानिए पनि दुईपटकसम्म भएका शान्तिवार्ता असफल भएका थिए ।

तथापि १२ बुँदे समझदारीलाई निष्कर्षमा पु¥याउन माओवादी र सात राजनीतिक दलका नेताहरू प्रतिबद्ध थिए । नेपाली कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले माओवादीसँगको वार्तालाई सघनरूपमा अगाडि बढाइरहेको थियो । सोही सिलसिलाको एउटा महत्त्वपूर्ण कडीका रूपमा लिने गरिन्छ सिक्लेस वार्तालाई । अध्यक्ष दाहाल भूमिगत जीवनबाट पहिलोपटक सिक्लेसमा सार्वजनिक भएका थिए ।

हेलिकप्टर लिएर सिक्लेस पुगेका तत्कालीन गृहमन्त्री कृष्णप्रसाद सिटौलासहितको सरकारी वार्ता टोली र माओवादी अध्यक्ष दाहालसहितका नेताबीच पर्यटकीय गाउँ सिक्लेसमा २०६३ जेठ २८ मा भेटवार्ता भएको थियो । अध्यक्ष दाहाल र नेता भट्टराई त्यसको दुई दिनअघि नै सिक्लेस पुगेका थिए । जेठ २८ को सिक्लेस वार्ता नै १० वर्षे द्वन्द्वको बैठान र शान्तिको प्रस्थानबिन्दुका रूपमा चिनिन पुग्यो । सिक्लेस वार्ताको सफलतापछि माओवादी अध्यक्ष दाहाल र भट्टराई २०६३ असार २ गते बालुवाटारमा सार्वजनिक भएका थिए ।

सोही दिन बालुवाटरमा माओवादी र सात राजनीतिक दलबीच भएको आठबुँदे सहमतिका आधारमा २०६३ मंसिर ५ गते विस्तृत शान्ति सम्झौता भएको थियो । विस्तृत शान्ति सम्झौतापछि संविधानसभा हुँदै मुलुक लोकतान्त्रिक गणतन्त्रसम्म आइपुगेको छ । शान्ति सम्झौतामार्फत द्वन्द्वलाई शान्तिमा रूपान्तरण गरेको माओवादी मूलधारको राजनीतिमा आएको पनि १८ वर्ष बितिसकेको छ ।

बालुवाटारमा पहिलोपटक सार्वजनिक हुनुपूर्व तत्कालीन गृहमन्त्री सिटौलासँग अध्यक्ष दाहाल र नेता भट्टराईबीच सिक्लेसमा रहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को सभाकक्षमा भेटवार्ता भएको थियो । त्यो बेला जनमुक्ति सेनाबाट नेताहरूको सुरक्षार्थ सिक्लेसमै खटिएका नेकपा माओवादी केन्द्र कास्कीका इन्चार्ज दीपक कोइरालाले वार्ता सफल भएपछि २०६३ असार २ गते अध्यक्ष दाहाल र नेता भट्टराई बालुवाटारमा सार्वजनिक भएको बताए ।

'वार्तामा समझदारी जुटेपछि गृहमन्त्री सिटौला काठमाडौं फर्किनुभयो, पुनः असार २ गते उन आएपछि अध्यक्ष दाहालसहितका नेताहरू पोखराको लामाचौरबाट हेलिकप्टरमा काठमाडौं जानुभएको हो,' उनले भने । इन्जार्च कोइरालाले अध्यक्ष दाहालसहितका नेताहरू सिक्लेसबाट हिँडेरै पोखरा महानगरपालिका-१६ मा पर्ने लामाचौरमा आएको सुनाए ।

तत्कालीन जनमुक्ति सेनाको सुरक्षा घेराबीच सिक्लेस वार्ता भएको उनले बताए । पार्टी प्रशिक्षण र सांस्कृतिक कार्यक्रमको सुरक्षार्थ जनमुक्ति सेना सिक्लेसमा खटिएका थिए । माओवादी अध्यक्ष दाहालले सिक्लेसमा सार्वजनिक मञ्चबाट पहिलोपटक भाषण गरेको इञ्चार्ज कोइरालाले बताए ।

'शान्ति प्रक्रिया टुंगोमा पुग्दै गर्दा सिक्लेस बिर्सन नहुने ठाउँ हो, त्यहाँ भएको वार्ताले विस्तृत शान्ति सम्झौतासम्मको बाटो तय गरेको थियो,' इञ्चार्ज कोइरालाले भने, 'राजनीतिक दलहरूबीचको बृहत् सहमतिका साथ टिआरसी विधेयक पारित भएकाले अब शान्ति प्रक्रियाका बाँकी कामले छिट्टै निकास पाउने छ र देश दिगो शान्ति र स्थिरतामार्फ अगाडि बढ्ने छ ।'

बेपत्ता पारिएका व्यक्तिको खोजबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन संशोधन (टिआरसी) विधेयक बुधबार प्रतिनिधिसभाबाट पारित भएसँगै शान्ति प्रक्रिया निष्कर्षतिर अगाडि बढेको छ । तत्कालीन सरकार र नेकपा माओवादीबीच विस्तृत शान्ति सम्झौता भएको १८ वर्षपछि संक्रमणकालीन न्याय निरूपण टुंगोमा पुग्ने अवस्था बनेको हो । मादी गाउँपालिका-१ सिक्लेसका वडाध्यक्ष देवीजंग गुरुङले सिक्लेसबाट सुरु भएको शान्ति स्थापनाको पहलले अन्तिम रूप लिन लागेकामा खुसी व्यक्त गरे ।

'शान्ति वार्ता हुँदा म भर्खर ७ कक्षामा पढ्दै थिएँ, माओवादीले विद्यार्थीलाई पनि कार्यक्रममा लैजान्थे, एक किसिमको त्रास त थियो, तर सिक्लेसमा ततकालीन द्वन्द्वका समयमा कुनै अप्रिय घटना भने भएन,' वडाध्यक्ष गुरुङले भने, 'शान्ति प्रक्रियाको एउटा महत्त्वपूर्ण परिघटनाको साक्षी सिक्लेस गाउँ र यहाँका बासिन्दा पनि हुन् ।' जोखिमका बीच पनि गाउँलेले माओवादीका नेता, कार्यकर्तालाई आतिथ्यता दिएर महत्त्वपूर्ण योगदान गरेको उनको भनाइ छ ।

'माओवादी कार्यकर्ताले स्थानीय बासिन्दाको काममा पनि सघाउने गर्थे, कोदो रोप्दा, रोपाइँमा साथ लागेर काम गर्थे,' वडाध्यक्ष गुरुङले भने । सिक्लेस भएको वार्ताको स्मरण र शान्ति प्रक्रियाको प्रारम्भस्थलको प्रतीकका रूपमा वार्ता भएकै ठाउँमा शान्ति स्मारकसमेत निर्माण गरिएको उनले बताए । मादी गाउँपालिकाको आर्थिक सहयोग र जनश्रमदान जुटाएर 'एक्याप'को कार्यालय परिसरमा निर्माण गरिएको शान्ति स्मारकको वि.सं. २०७५ मंसिर २४ गते माओवादी अध्यक्ष दाहालले नै अनावरण गरेका थिए । तत्कालीन गृहमन्त्री एवं सरकारी वार्ता टोलीका संयोजक सिटौला पनि शान्ति स्मारकको अनावरणमा पुगेका थिए ।

शान्ति स्मारकछेउ गुरुङ संस्कृति झल्काउने गोलघर पनि निर्माण गरिएको वडाध्यक्ष गुरुङले बताए । उक्त गोलघरलाई शान्ति संग्रहालयका रूपमा विकास गर्ने योजना रहेको उनले सुनाए । सिक्लेस पुग्ने पर्यटकका लागि शान्ति स्मारकले पनि नयाँ आकर्षण थपेको उनले बताए ।

स्मारक अनावरणका क्रममा सिक्लेस आउँदा माओवादी अध्यक्ष दाहालले सिक्लेसको विकासका लागि पहल लिने प्रतिबद्धता जनाए पनि अपेक्षित उपलब्धि हासिल नभएको वडाध्यक्ष गुरुङले बताए । माओवादी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री दाहालले त्यो बेला सिक्लेसलाई शान्ति प्रक्रियासँग जोडिएको ऐतिहासिक महत्त्वको स्थलका रूपमा विकास गरिने बताएका थिए ।

शान्ति प्रक्रियालाई सम्झाउने सिक्लेस पर्यटकीय दृष्टिले उत्तिकै महत्त्वपूर्ण छ । हिउँचुलीको काखमा झुरूपप परेको बस्तीले सिक्लेसलाई मनप्रिय बनाएको छ । वरिपरि हरिया वनपाखा र खर्क त्यहाँका आकर्षण हुन् । सिरसिरे लेकाली हावा । उस्तै चराको चिरबिर । तलपट्टि सुसाइरहेको मादीखोला । सिक्लेसको भूगोल आफैंमा चित्रमय लाग्छ । हरेक ऋतुकालमा भिन्न विशेषतामा खुल्ने यो गुरुङ बाहुल्य गाउँ प्रकृति र संस्कृतिको संगम हो । ग्रामीण पर्यटनको अनुपम धरोहर हो ।

पर्यटकीय राजधानी पोखराबाट ४१ किलोमिटर दूरीमा पर्ने सिक्लेस पदयात्राका लागि बढी लोकप्रिय छ । पदयात्री सिक्लेसबाट अन्नपूर्ण हिमालको काखमा रहेको कपुचे हिमताल हुँदै तीन हजार ८०० मिटरको कोरी लेकसम्म पुग्ने गरेका छन् । सिक्लेसबाट तस, कोरी र कपुचे हिमतालहुँदै कोरी जाने दुईवटा पदमार्ग छन् । वडाध्यक्ष गुरुङले दुई दशकअघि सिक्लेसमा पर्यटन व्यवसायको जग बसेको बताए ।

उनका अनुसार सिक्लेस, कोरीलगायतका क्षेत्रमा दर्जनौं होमस्टे र होटल सञ्चालनमा छन् । सिक्लेस पुग्ने पर्यटक गुरुङ संग्रहालय, शान्ति स्मारक, सिक्लेस उद्यान, हिमालको दृश्यावलोकन, गुरुङ जातिको मन्दिर, मौलिक संस्कृति, वेशभूषा, झाँकी, नाचगीत आदिमा रमाउँछन् । पदयात्रा रुचाउने पर्यटकले छोटो र लामो दूरीको पदयात्रा तय गर्छन् । पोखराबाट दुई/अढाइ घण्टाको मोटरयात्रामा सिक्लेस पुगिन्छ । पोखरा-सिक्लेस सडक स्तरोन्नति भइरहेकाले यातायात सेवा पनि सहज बन्दै गएको छ । *रासस*

# अति दुर्लभ खरमजुर संरक्षण गर्न घाँसे मैदान व्यवस्थापन



**कञ्चनपुर-** अति दुर्लभ खरमजुरको संरक्षण गर्ने उद्देश्यले शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाहिरको क्षेत्रमा घाँसे मैदान व्यवस्थापन गर्न थालिएको छ । नेपाल पक्षी संरक्षण संघ (बिसिएन) ले अमेरिकी सहयोग नियोग (युएसआइडी) को जलजंगल परियोजनाअन्तर्गत बेलौरी, पुनर्वास नगरपालिका बेलडाँडी र लालझाडी गाउँपालिकामा रहेका प्राकृतिक घाँसे मैदानको व्यवस्थापन गर्न थालेको हो ।

संघका चरा संरक्षणकर्मी हिरूलाल डगौराका अनुसार उल्टनपुर, नन्दगाउँ, किसान मध्यवर्ती क्षेत्रमा घाँसे मैदानको व्यवस्थापन थालिएको छ । घाँसे मैदानमा रहेका अनावश्यक घाँस, झाडी हटाउने भइसकेको उनले बताए । प्रजननको समयमा खरमजुर निकुञ्जको भित्री भागमा रहेको घाँसे मैदानमा आउने भए पनि त्यसपछिको समय निकुञ्ज बाहिर जाने गर्दछ ।

सोही कारणले बासस्थान पुनःस्थापना र सुधार गर्न बाहच क्षेत्रको घाँसे मैदान व्यवस्थापनको काम गरिएको डगौराले बताए । 'बासस्थान मासिँदै जाँदा प्रत्येक वर्ष खरमजुरको संख्यामा कमी आउन थालेको छ,' उनले भने, 'बासस्थान सुरक्षाका लागि घाँसे मैदान व्यवस्थापनको कार्यसँगै स्थानीय बासिन्दा, युवा सञ्जाल, सामुदायिक वनका पदाधिकारी, महिला समूह, जनप्रतिनिधिसँग छलफल, तालिमलगायत कार्य गरेका छौं ।'

डगौराका अनुसार १२ सामुदायका ५७७ र चार पालिकाका युवा सञ्जालमा आबद्ध १४० जना युवालाई खरमजुर संरक्षणका लागि तालिम दिइएको छ । यसैगरी चारवटा प्रकृति तथा चरा पर्यटनसम्बन्धी तालिम, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका ३७ जना कर्मचारीलाई खरमजुर संरक्षणसम्बन्धी तालिम दिइएको उनले जानकारी दिए ।

खरमजुर गणना तथा सर्भेक्षणको कार्यका लागि सर्भेक्षण प्रोटोकल बनाइएको चरा संरक्षणकर्मी डगौराको भनाइ छ । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा सन् १९८२ मा पहिलोपटक गरिएको सर्भेक्षणमा खरमजुर १४ देखि १५ को संख्यामा पाइएको थियो । सन् २००० मा १२, सन् २०१४ मा आठ, सन् २०२१ मा सात र सन् २०२३ मा पाँचवटा रहेका चरा संरक्षणकर्मी डगौराले जानकारी दिए । उक्त गणनाको तथ्यांकअनुसार प्रत्येक वर्ष खरमजुरको संख्या घट्दै गएको छ ।

खरमजुरले सिरु, काँस र खडाइका घाँसे मैदानमा बस्न मन पराउँछ । चर्नका लागि छोटो घाँस भएका मैदानलाई रोज्ने गर्दछ । प्रजननका बेला अग्ला घाँस भएका मैदानमा भेटिने गरेकाले घाँसे मैदान व्यवस्थापनको कार्य गरिएको उनले उल्लेख गरे । प्रजननको समयपछि यो सुक्खा घाँसे मैदान र खेतबारीमा भेटिए पनि यसको प्रजननपछिको बासस्थानको बारेमा कम अध्ययन भएको उनले बताए ।

'खरमजुर प्रायः जसो आहारा खोज्न बिहान र बेलुका मात्रै सक्रिय हुने गर्छ । यो सर्वहारी पक्षी भएकाले स-साना कीरा, फटचांग्रा, छेपारोदेखि घाँस, दाना फलफूल खान्छ । एक्लै बस्न रुचाउने पन्छी भए पनि प्रजननको समयमा भाले र पोथी दुवै जोडीका रूपमा भेटिने गर्दछन्,' डगौराले भने ।

उनका अनुसार यसको प्रजनन चैतदेखि जेठसम्म हुने गर्छ । पोथीलाई आकर्षित गर्नका लागि भालेले जमिनमाथि निरन्तर उफ्रिँदै मनमोहक नाच देखाउँछ । पोथीले अग्लो घाँसे मैदानमा एक/दुई वटा अण्डा पारेपछि करिब चार हप्तासम्म ओथारो बसी बच्चा कोरल्ने उनले जानकारी दिए ।

'खरमजुर तराईमा पाइने घाँसे मैदानको आवासीय पक्षी हो,' चराविद्समेत रहेका डगौराले भने, 'यसको भालेभन्दा पोथी केही ठूलो हुन्छ, पोथीको शरीरको लम्बाइ ६६ देखि ६८ सेन्टिमिटर र तौल १.७ देखि १.९ किलो हुन्छ । भालेको शरीरको लम्बाइ ६२ देखि ६४ सेन्टिमिटर र तौल १.२ देखि १.५ किलो हुन्छ ।' उनका अनुसार भालेको टाउको, घाँटी र माथिल्लो भाग कालो र पखेटाको रङ सेतो हुन्छ । यो उड्दा प्रस्ट देखिन्छ । पोथी र बच्चाको रङ भने मैलो खैरोदेखि बलौटे कैलोसम्म हुन्छ ।

खरमजुर नेपालको संरक्षित क्षेत्रहरू कोशी टप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा वन्यजन्तु निकुञ्जमा पाइन्छ । नेपालमाबाहेक यो दुर्लभ पक्षी भारत र कयाम्बोडियामा मात्रै पाइन्छ । विभिन्न अध्ययनका क्रममा भियतनाम र बंगलादेशबाट यो पक्षी लोप भइसकेको चराविद् डगौराले जानकारी दिए । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको सूचीमा खरमजुरलाई विश्व र नेपालमा अति संकटापन्न अवस्थामा राखिएको छ । *रासस*

## 'ह्रस्व दीर्घ'को प्रदर्शन ३० कात्तिकमा

'ह्रस्व दीर्घ'ले मिति घोषणा गरेको छ । जनै पूर्णिमा तथा रक्षा बन्धनको अवसर पारेर फिल्मले आगामी ३० कार्तिकलाई प्रदर्शन मिति घोषणा गरेको हो । यसअघि फिल्म असोज ३ गतेदेखि प्रदर्शनमा आउने तयारीमा थियो । प्राविधिक काम नसकिएको भन्दै केही दिन अगाडि रिलिज स्थगित गरेको थियो । अहिले भने प्रदर्शनको नयाँ मिति घोषणा भएको हो । अभिनेत्री नीता ढुंगानाको निर्माण भएको फिल्मको अहिले मुम्बईमा सम्पादन भइरहेको छ । दर्शकलाई एउटा पूर्ण रूपमा मनोरञ्जन दिने फिल्म पस्किने उद्देश्यले फिल्मको प्राविधिक काम मुम्बईमा गरिएको अभिनेता हरिहर अधिकारीले बताए ।





# 'कंगारु'को मुख्य भूमिकामा स्वस्तिमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'कङ्गारु'को मुख्य अभिनेत्रीमा स्वस्तिमा खड्का अनुबन्धित भएकी छन् । फिल्मका लागि निर्माण पक्षले सोमबार स्वस्तिमासँग कागजी सम्झौता गरेको हो ।

सम्राट बस्नेतको निर्देशनमा बन्न लागेको यो फिल्ममा यसअघि केदार घिमिरे 'माग्ने बुढा', जितु नेपाल र अर्पण थापा अनुबन्धित भइसकेका छन् । राजिभ गुरुङ 'दीपक मनाङ्गे'को प्रस्तुतिमा तयार हुने फिल्मको मुख्य भूमिकामा स्वस्तिमाको प्रवेशसँगै कलाकारहरूको लानअप बलियो बनेको छ । कागजी सम्झौता गरेसँग स्वस्तिमाले यो फिल्ममा काम गर्न पाउँदा आफू निकै उत्साही भएको बताएकी छन् ।

यसअघि फिल्म 'लाखे' निर्देशन गरेका बस्नेतले यो फिल्मलाई सस्पेन्स, थ्रीलर र कमेडी जनरामा निर्माण गर्न लागिएको बताए । नायिका फाइनल गरेसँगै अब केही महिनामै छायांकनमा जाने तयारी रहेको निर्देशक बस्नेतले जानकारी दिए । ३५ दिनको छायांकन सेड्युल तय गरिएको फिल्मको छायांकन अष्ट्रेलीयाको सिड्नी, न्यूकासल, क्यानबेरा लगाएतका क्षेत्रमा गरिने उनको भनाइ छ।

फिल्म 'कङ्गारु'मा केही फरक कथा भन्न मन लागेको निर्देशक बस्नेतको भनाइ छ । 'स्क्रिप्टमा मात्र दुई वर्ष समय लगाइयो, केही फरक कथा भन्न मन लागेको छ, कंगारुका लागि हामीले घोषणा गरेर पनि समय लगाएका छौं । यसपटक दर्शकले फरक स्वाद र फरक कथा हेर्न पाउनुहुनेछ,' उनले भने ।

यो फिल्म फुलमुन मोसन पिक्चर्स र उत्तरगया म्युजिक एन्ड फिल्मसँग एसजिटि प्रोडक्सन प्रालीको सहकार्यमा निर्माण हुन लागेको हो । फिल्ममा प्रेम थापा, धन बहादुर गुरुङ 'डिबी' र मनोज भण्डारी 'म्यक्स' निर्माताको रूपमा छन् ।

फिल्मको सह-निर्मातामा अन्जन दुरा र लक्ष्मी राई छन् भने कार्यकारी निर्माता टीका भण्डारी हुन् । फिल्मको लाइन प्रोड्यूसरमा सविन ज्ञावली (अष्ट्रेलिया) रहेका छन् । फिल्म निर्माणमा लक्ष्मी ज्वेलर्स यूकेले पनि सहकार्य गरेको छ । फिल्ममा सीमा गुरुङको कथा रहेका छ । फिल्मका छायाँकार सुशन प्रजापति हुन् । फिल्मका प्रोडक्सन डिजाइनर दिलीप पन्त छन् ।

# 'प्रतिभा नक्षत्र २०२४' को पाँचौं संस्करण १० भदौमा

■ प्रभाव संवाददाता

**काठमाडौं –** बेलायतमा रहेका नेपाली बालबालिकाहरूका लागि प्रतिभा प्रस्फुटन तथा नेपाली संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने लक्ष्यसहित स्थापित कार्यक्रम 'प्रतिभा नक्षत्र'को पाँचौं संस्करण यही भदौ १० गते आयोजना हुने भएको छ । 'प्रतिभा नक्षत्र २०२४' को कार्यक्रम यही अगष्ट २६ अर्थात भदौ १० गते सोमबार बेलायतको लण्डनस्थित वुल्विचको सेन्ट गर्ज्स ग्यारिसन हलमा कार्यक्रम हुन लागेको हो । कार्यक्रम सञ्चालन स्थानीय समयानुसार बिहान १० देखि राति ८ बजेसम्म हुनेछ ।

कार्यक्रममा विश्वका जुनसुकै देशबाट पनि नेपाली बालबालिकाहरूले सहभागिता जनाउनसक्ने व्यवस्था गरिएको छ । नेपाली कला, संस्कृति र विविधताको मौलिक पहिचान र प्रतिभा प्रस्तुति रहने कार्यक्रममा सहभागी हुन इच्छुक प्रतियोगीले अनलाईनमार्फत् पनि आवेदन दिनसक्ने व्यवस्था मिलाईको छ ।

कार्यक्रम बेलायतमा बसोबास गर्दैआएका नेपाली बालबालिकाका लागि मात्र नभएर विश्वभरि रहेका नेपालीभाषा, कला र संस्कृतिलाई माया गर्ने बालबालिकालाई नेपाली भाषा, कला र संस्कृतिको जानकारी दिने तथा प्रतिभा प्रदर्शन गर्ने उद्देश्यले राखिएको आयोजनाका परिकल्पनाकार राजेन्द्र खसले बताए ।

'कार्यक्रममा सहभागी हुन बेलायतमै बसेको हुनपर्ने मान्यता छैन,' उनले भने, 'विश्वभरि जहाँबाट भएपनि नेपालीभाषा, कला र संस्कृतिलाई माया गर्ने जो कोही बालबालिकाहरूले आफ्नो प्रतिभासहित सहभागी जनाई प्रतिष्पर्धा गर्न सक्नेछन् ।'

यसअघिका विभिन्न चारवटा संस्करणमार्फत् प्रतिभा नक्षत्र कार्यक्रमले परदेशमा रहेका बालबालिकाहरूले नेपाली भाषा, संस्कृति, संस्कार र मौलिकताप्रति आप्नोपनको अनुभव गराउन महत्वपूर्ण योगदान दिन सफल रहेको आयोजकको दाबी छ ।

कार्यक्रममा नेपाली गीत, सङ्गीत, नृत्य, कला, साहित्य, चित्रकलालगायतका जुनसुकै विधामा पनि बालबालिकाले प्रतिभा देखाउन सक्नेछन् । यसको अलावा बालबालिकाका अभिभावक र युवाहरूलाई पनि नेपाली भाषा, कला र संस्कृतिसँग परिचित गराउने खालका विभिन्न प्रस्तुति देखाउनसक्ने व्यवस्था मिलाईएको आयोजकले जानकारी दिएको छ । कार्यक्रममा नेपाली संस्कृति झल्काउने खालका खानाहरू, नेपाली खेलहरू, नेपाली घरहरू, थारु संस्कृति झल्काउने घर, मादल, डोको, डालो, ढिकी, जाँतो, नेवारी परिकार, खस, गुरुङ, मगर समुदायको मौलिकता झल्काउने स्टलहरू, लाखेनाच, कुमारीनाच, पञ्चेबाजालगातयतका नेपाली मौलिकता र परम्परा झल्काउने विविध सांस्कृतिक प्रस्तुतिहरूसँगै कला, साहित्य पनि कार्यक्रममा प्रमुख आकर्षण रहनेछन् ।

प्रतिभा नक्षत्रमा बाल तथा युवागरी दुई छुट्टाछुट्टै समूहमा प्रतिष्पर्धा हुनेछ । बाल नक्षत्रमा पहिलो, दोस्रो र तेस्रो हुनेले क्रमशः चार सय, तीन सय र दुई सय पाउण्ड राशिको पुरस्कार प्राप्त गर्नेछन् । त्यसैगरी युथ नक्षत्रतर्फ पहिलो, दोस्रो र तेस्रोलाई क्रमशः छ सय पाउण्ड, पाँच सय पाउण्ड र चार सय पाउण्ड प्रदान गरिने आयोजकले जानकारी दिएको छ ।

बालसमूहतर्फ ६ वर्षदेखि ११ वर्षसम्म उमेरका बालबालिका र युथअन्तर्गत ११ देखि १९ वर्ष उमेका युवाले जुनसुकै देशबाट पनि भाग लिन सक्नेछन । पाँच वर्षदेखि नियमित हुँदै आएको प्रतिभा नक्षत्र कार्यक्रममा यस वर्ष भने अष्टिया, पोर्चुगल, बेल्जियम, जापान, अमेरिका लगायतबाट पनि अनलाइनमार्फत् आवेदनप्राप्त भएका छन् । कार्यक्रममा सहभागी हुन चाहने नेपाली समुदायका बालबालिकाले प्रतिभा नक्षत्रको वेभसाइट तथा फेसबुक पेजमा गएर आवेदन दिनसक्ने गरी व्यवस्था मिलाईएको छ ।

कार्यक्रमले आपसी सद्भाव, समन्वय साथै नेपाली भाषा र संस्कृतिको जर्गेनासँगै विश्वमाझ नेपाली मौलिकताको पहिचान प्रवर्द्धन गर्ने मुख्य उद्देश्य राखेको छ । यस वर्षको प्रतिभा नक्षत्र कार्यक्रममा आइएनएएस यूके, बुद्ध फाउण्डेशन यूके, जामघाट परिवार, एनआरएनए यूकेलगायतका संस्थाहरू र नेपाली सञ्चारमाध्यमको पनि उल्लेख्य सहभागिता रहनेछ । कार्यक्रममा ७ वर्षमुनिका बालबालिका र ७० वर्षमाथिका जेष्ठ नागरिकहरूका लागि निःशुल्क प्रवेशको व्यवस्था मिलाइएको छ । कार्यक्रमलाई गैह्र आवासीय नेपाली सङ्घ (एनआरएनए)ले सहयोग गरेको छ ।



# प्रधानमन्त्री ओलीसँग महिला भलिबल खेलाडीको भेटघाट



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले रक्षाबन्धनको दिन बिहानीका करिब दुई घन्टा राष्ट्रिय महिल भलिबल टिमसँग व्यतित गरेका छन् । प्रधानमन्त्री ओली, खेल प्रशिक्षक एवं खेलाडीबीच यस खेलले हालसम्म हासिल गरेका उपलब्धि, थप पूर्वाधार विकास र आगामी अन्तर ाष्ट्रिय खेलमा नेपालको विजय कसरी सुनिश्चित गर्ने भन्ने विषयमा छलफल केन्द्रित थियो ।

प्रधानमन्त्री निवास, बालुवाटारमा ब्रेकफास्टसँगै मुलुकको कार्यकारी प्रमुखसँग सम्भवतः पहिलो पटक यस प्रकारको भलाकुसारी गर्ने अवसरले आफूहरूलाई उत्साहित तुल्याएको खेल नेतृत्वकर्ता, प्रशिक्षक र खेलाडीहरूले बताएका थिए । प्रधानमन्त्री ओलीसँगको छलफलमा सो टिमका मुख्य प्रशिक्षक जगदीश भट्ट, कप्तान अरुणा शाही, नेपाल भलिबल सङ्घका अध्यक्ष जितेन्द्र चन्द, खेलाडी सरस्वती चौधरीलगायत सहभागी थिए ।

प्रधानमन्त्री ओलीले दुई साता अघि सम्पन्न 'काभा वुमन्स नेसन्स भलिबल प्रतियोगिता' हेर्न आफूले चाहे पनि मन्त्रिपरिषद्को आकस्मिक बैठकका कारण जान नसकेको अवगत गराउँदै खेलाडीका प्रगति, चाहना र मागबारे आफू जानकार रहेको सुनाए ।

प्रधानमन्त्री ओलीले प्रतियोगिताका उपविजेता खेलाडीलाई नेपाल सरकारले जनही तीन लाख दिने निर्णय गरेको जानकारी गराएका थिए भने खेलाडीले त्यसका लागि आभार व्यक्त गरेका थिए ।

उनले यस क्षेत्रको मागअनुसार अन्तर ाष्ट्रियस्तरको कभर्ड हल बनाउने सङ्कल्प गरे । 'तपाईंहरूलाई थाहा छ कि सरकारको ढुकुटीमा धेरै रकम छैन तर हामी गर्नैपर्ने कामहरू गर्नेछौं । आगामी खेलमा जित्छौं जुन तपाईंहरूको मनोबल छ, त्यो साकार होस् ।', प्रधानमन्त्री ओलीले भने, 'हामीले खेल खेल्ने भनेकै जित्नका लागि हो, त्यसकारण राम्रो ध्यान दिएर जित्छु भन्ने आशा बोकेर लाग्नुस् । सफलता पक्कै मिल्नेछ ।'

प्रधानमन्त्री ओलीले गत महिना नेपालमा रहेका रसियाली महिला भलिबल खेलाडीले आफूसँगको भेटमा नेपाली टिमको प्रशंसा गरेको स्मरण गर्दै विश्वस्तरका खेलाडीबाट भएको प्रशंसाभित्र नेपाली टिमको सम्भावना लुकेको बताए ।

# साफ यू-२० : भारतको विजयी सुरूवात

**काठमाडौं (प्रस)–** काठमाडौँमा जारी साफ यू-२० च्याम्पियनसिपमा भारतले विजयी शुरुवात गरेको छ । सोमबार सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सम्पन्न समुह बी अन्तर्गतको खेलमा भारतले भुटानलाई १-० गोल अन्तरको जित हासिल गर्दै विजयी शुरुवात गरेको हो ।

डिफेन्डिङ च्याम्पियन समेत रहेको भारतको जितमा खेलको ३७औं मिनेटमा मोनिरुल मोल्लाले गरेको गोल नै खेलको निर्णायक गोल बनेको थियो ।

आइतबारदेखि शुरु भएको प्रतियोगिताको पहिलो खेलमा समुह ए मा रहेको नेपालले श्रीलंकालाई १-० गोल अन्तरले पराजित गर्दै विजयी शुरुवात गरेको थियो । अब प्रतियोगितामा अर्को खेल मंगलबार समुह बी अन्तर्गत बंगलादेश र श्रीलंकाबीच हुदै छ ।

नेपालसहित ६ देशले भाग लिएको यस प्रतियोगितामा नेपाल समुह ए बंगलादेश र श्रीलंकासँग रहेको छ भने समुह बी मा भारत, भुटान र माल्दिभ्स रहेका छन् ।

त्यस्तै नेपालले भने समुह चरणको अर्को खेल विहिबार बंगलादेशसँग खेल्ने तालिका रहेको छ ।

# एक महिनामै उप्कियो रंगशालाको 'सेन्थेटिक ट्र्याक'



**जानकी (बाँके)–** बाँकेस्थित नेपालगञ्ज रङ्गशालामा निर्माण गरिएको 'सेन्थेटिक ट्र्याक' एक महिनामै उप्किएको छ । राष्ट्रिय खेलकुद परिषद्ले नेपालगञ्ज रङ्गशालामा उक्त 'सेन्थेटिक ट्र्याक' लगाएको थियो ।

राखेपले 'सेन्थेटिक ट्र्याक' निर्माण गर्न ठेकेदार कम्पनी 'पञ्चकन्या साइनकोट्स जेभी' ललितपुरलाई ठेक्का दिएको थियो । निरन्तरको वर्षासँगै 'सेन्थेटिक ट्र्याक' उप्किएपछि स्थानीयवासीले उक्त 'सेन्थेटिक ट्र्याक'को गुणस्तरमाथि प्रश्न उठाएका छन् । नेपालगञ्ज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष एवं नागरिक अगुवा कृष्णप्रसाद श्रेष्ठले उप्किएको 'सेन्थेटिक ट्र्याक'को गुणस्तरबारे छानबिन गर्नुपर्ने माग गरे ।

'निर्माण सम्पन्न भएको एक महिनामै ट्र्याक उप्किनु भनेको एकदमै कम गुणस्तरको सामान प्रयोग भएको भन्ने बुझ्नुपर्दछ', उनले भने । ठेकेदार कम्पनीले उक्त ट्र्याक राखेपलाई हस्तान्तरण गर्न बाँकी छ ।

'सेन्थेटिक ट्र्याक' निर्माणका क्रममा राखेपले केन्द्रबाटै इञ्जिनियर तथा कर्मचारी टोली खटाएको थियो । लुम्बिनी प्रदेश र जिल्लास्थित खेलकुदका पदाधिकारीका अनुसार निर्माण गर्ने छुट्टै अनुगमन समिति नहुँदा ठेकेदार कम्पनीले मनपरी काम गर्दै आएको छ ।

राष्ट्रिय खेलकुद परिषद, सम्पर्क कार्यालय नेपालगन्जका प्रमुख महेश चन्दले सेन्थेटिक ट्र्याक निर्माणका क्रममा खटिएका प्राविधिक टोली काठमाडौँमा रहेको र आफु यस विषयमा अनविज्ञ रहेको बताए । 'कामको प्राविधिक भाग हेर्ने निकाय काठमाडौँमा हुनुहुन्छ । हामीले यहाँ हेर्दा ठेकेदारले काम गरेकै देखिन्थ्यो । कहाँनेर के कुरा नमिलेर ट्र्याक उप्कियो, हामी पनि अनविज्ञ छौँ', उनले भने, 'यो खेलप्रेमीका लागि मात्र नभई राखेप लजिज्त हुनुपर्ने विषय बन्न पुग्यो ।' ट्र्याक उप्किएको विषयमा राखेप केन्द्रीय कार्यालयलाई जानकारी गराइसकेको चन्दले बताए । उनले भने, 'मैले यो विषयमा राखेपलाई जानकारी गराई सकेको छु । माथिबाट विज्ञ टोली आएर छानविन गरेपछि वास्तविक पत्ता लाग्ला ।'

जिल्ला खेलकुद विकास समितिका उपाध्यक्ष चेतकान्त भट्टराईले खेल क्षेत्रको विकासका लागि राखेप जिम्मेवार नभएकै कारण संरचना नबन्दै भत्कने गरेको बताए । 'एक महिनामै 'सेन्थेटिक ट्र्याक' उप्कनुले राखेपको गैरजिम्मेवारीपन प्रष्ट दखिएको छ' उनले भने, 'करोडौंको ठेक्कामा गुणस्तरलाई मध्यनजर गर्न आवश्यक थियो । गुणस्तरमा ध्यान नदिएकै कारण आज नेपालगञ्ज रङ्गशालाको यो दुर्दशा हुन पुगेको हो ।'

राखेपले सन् २०२३ मार्च २३ मा उक्त 'सेन्थेटिक ट्र्याक' निर्माण गर्न रु नौ करोड ८६ लाख ४० हजार आठ सय ३२ मा ठेक्का सम्झौता गरेको थियो । सो कम्पनीले सन् २०२४ जनवरी ५ मा काम सम्पन्न गरिसक्नुपर्ने थियो । तर, ठेकेदार कम्पनीले गत असार मसान्तमा मात्र काम सम्पन्न गरेको हो । *रासस*



अमृतसरबाट करिब ३५ किलोमिटर टाढा रहेको भारत–पाकिस्तान वागह सीमा चौकीमा हिन्दू पर्व रक्षाबन्धनको अवसरमा भारतीय सीमा सुरक्षाबल (बिएसएफ) का जवानको नाडीमा पवित्र धागो बाँधिदिँदै युवतीहरू । *तस्बिरः एएफपी*

# रूसद्वारा जर्मनीलाई नोर्ड स्ट्रिम पाइपलाइन विष्फोटको अनुसन्धान गर्न आग्रह

**मस्को-** रूसले नोर्ड स्ट्रिम पाइपलाइन विष्फोटको अनुसन्धान गर्न जर्मनीसँग अनुरोध गरेको रूसी विदेश मन्त्रालयका अधिकारीले सोमबार बताएका छन् । आतंकवादविरुद्धको लडाइँमा अन्तर्राष्ट्रिय दायित्वहरू पूरा गर्न जर्मनीले वार्ताका लागि दबाब दिइरहेको रूसी विदेश मन्त्रालयका तेस्रो युरोपेली विभागका निर्देशक ओलेग टायपकिनले बताएका छन् ।

जर्मन अनुसन्धानको प्रगतिमा असन्तुष्टि व्यक्त गर्दै टायपकिनले जर्मन अधिकारीहरूले एक युक्रेनी नागरिकको गिरफ्तारीका लागि पक्राउ पुर्जी आदेश जारी गरेको बताएका छन् । उनले जर्मन मिडियाले आक्रमणमा व्यक्तिगतरूपमा काम गरेको देखिएको र तोडफोडको योजनाकार पहिचान नगरी अनुसन्धान बन्द हुनसक्ने चेतावनी दिएका छन् ।

रूसले यो अवस्थालाई स्वीकार नगर्ने दाबी गर्दै तापकिनले भने, 'मस्कोले जर्मनी र अन्य प्रभावित देशहरूसँग औपचारिकरूपमा उजुरी दर्ता गरी उनीहरूलाई राष्ट्रसंघको आतंकवाद विरोधी महासन्धिअन्तर्गत आफ्नो दायित्व पूरा गर्न आग्रह गरेको छ ।'

विद्यमान अन्तर्राष्ट्रिय कानुनअनुसार वार्ता खोजिरहेको बताउँदै भविष्यका कार्यहरू पश्चिमको प्रतिक्रियामा निर्भर हुने तापकिनले बताए । जर्मनीका सञ्चारमाध्यमले जानकारी दिएअनुसार जर्मन अभियोजनले पाइपलाइन विष्फोटको सम्बन्धमा युक्रेनी नागरिकका लागि गिरफ्तारी वारेन्ट जारी गरेको हो । रिपोर्टले संदिग्धलाई किएभका गोताखोर भ्लादिमिर झुराभ्लेभका रूपमा पहिचान गरेको छ जसलाई युक्रेनी दम्पतीले सहयोग गरेको थियो ।

सन् २०२२ सेप्टेम्बरमा, नोर्ड स्ट्रिम-१ र नोर्ड स्ट्रिम-२ प्राकृतिक ग्यास पाइपलाइनहरू विष्फोट हुँदा स्वीडेन र डेनमार्कमासमेत गम्भीर क्षति भएको थियो । रूस-युक्रेन द्वन्द्वलाई लिएर रूसमाथि पश्चिमा मुलुकहरूले लगाएको प्रतिबन्धका कारण नोर्ड स्ट्रिम-२ सञ्चालनमा आउन सकेको छैन । प्रतिबन्धका कारण जर्मनीले रूसी प्राकृतिक ग्यासको आयात रोकेको छ र यसका कारण जर्मनीमा घरेलु ऊर्जाको मूल्यमा तीव्र वृद्धि भएको थियो ।

उक्त घटनालाई अन्तर्राष्ट्रिय आतंकवादी घटनाकारूपमा अनुसन्धान सुरु गरेको छ । रूसी प्रशासनिक केन्द्र क्रेमलिनका अनुसार रूसी महान्यायाधिवक्ताको कार्यालयले रूसले विष्फोटबारे पटक-पटक जानकारी माग गरेको तर कुनै जवाफ पाउन नसकेको बताएको छ । *रासस/सिन्ह्वा*

# युक्रेनले अर्को रूसी पुलमा प्रहार गरेको दाबी

**युक्रेन-** युक्रेनले रूसको कुर्स्क क्षेत्रको दोस्रो प्रमुख पुलमा प्रहार गरेको दाबी गरेको छ । पछिल्लो समयमा मस्कोको आपूर्ति मार्गहरू अवरुद्ध गर्ने उद्देश्यले रूसी भूमिमा किएभको आक्रमण लगातार दोस्रो हप्तादेखि जारी छ ।

यसैबीच रूसले पूर्वी युक्रेनमा आफ्नो दबाब बढाएको छ । युक्रेनी वायु सेनाका कमाण्डर माइकोला ओलेश्चुकले टेलिग्राममा रूसी सहर ज्वानोय नजिकैको पुलमा विष्फोटको भिडियो प्रकाशित गर्दै विष्फोटको जानकारी दिएका छन् । यसअघि गत शुक्रबार युक्रेनले छिमेकी सहर ग्लुस्कोवोमा रहेको एक पुललाई लक्षित गरी आक्रमण गरेको र उक्त आक्रमणमा पुल पूर्णरूपमा ध्वस्त भएको उल्लेख छ ।

भोलोदिमिर जेलेन्स्कीले सबै क्षेत्रमा आफ्ना सोनाहरूले राम्रो काम गरिरहेको बताउँदै कुर्स्क क्षेत्रको कारबाहीबारे जानकारी दिए । वरिष्ठ युक्रेनी अधिकारीको टिप्पणीलाई पुष्टि गर्दै जेलेन्स्कीले कुर्स्क आक्रमणको उद्देश्य आक्रमणकारीको इलाकामा सुरक्षित क्षेत्र सिर्जना गर्नु रहेको बताएका छन् ।

उनले बेलायत, फ्रान्स र संयुक्त राज्य अमेरिकालाई सम्बोधन गर्दै आवश्यक उपकरणहरू छिटो पठाउन अपिल गरेका छन् । रूसी सैन्य ब्लगरहरूका अनुसार कुर्स्क हुँदै बग्ने सीम नदीका पुलहरूमा भएको आक्रमणले रूसलाई नदी वारपारलगायत आयात निर्यातमा असहजता भएको छ । *रासस/एएफपी*

# गाजा वार्ता युद्धविरामका लागि वार्ता 'सम्भवतः अन्तिम' मौका



**तेल अभिभ-** गाजामा युद्धविरामका लागि दबाब दिन इजरायल पुगेका अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले युद्ध अन्त्यका लागि जारी वार्ता सहमतिमा पुग्ने 'सम्भवतः अन्तिम' अवसर भएको बताएका छन् ।

ब्लिन्केनले इजरायली राष्ट्रपति आइज्याक हर्जोगसँगको भेटमा भने, 'यो निर्णायक क्षण हो, सम्भवतः बन्धकहरूलाई घर फर्काउने, युद्धविराम गर्ने र सबैलाई स्थायी शान्ति र सुरक्षाका लागि सही मार्गमा ल्याउने सबैभन्दा राम्रो र सम्भवतः अन्तिम अवसर हो ।'

शीर्ष अमेरिकी कूटनीतिज्ञले राष्ट्रपति जो बाइडेनले आफूलाई 'वार्तालाई सही दिशामा लान र अन्ततः युद्धविराम सम्झौता हुँदै स्थायी शान्तिमा बदल्ने जिम्मेवारी दिएर' पठाएको बताएका छन् । उनले भने, 'यो काम पूरा गर्ने समय हो । कसैले पनि यो प्रक्रियालाई बिथोल्नसक्ने कुनै पनि कदम नचालोस् भन्ने पनि सुनिश्चित गर्ने समय आएको छ,' उनले थपे, 'त्यहाँ कुनै आक्रमणमा वृद्धि नहोस्, उत्तेजना नहोस्, सम्झौता प्राप्त गर्नबाट टाढा सार्नसक्ने कुनै पनि कार्यहरू नहून् भन्ने सुनिश्चित गर्न आवश्यक छ ।'

अक्टोबर ७ मा हमासले इजरायलमाथि गरेको आक्रमणपछि मध्यपूर्वको नवौं भ्रमणमा रहेका ब्लिन्केनले सोमबार इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँग भेटवार्ता गर्ने कार्यक्रम छ । इरान र लेबनानी सशस्त्र समूह हेजबुल्लाहले हालै दुई लडाकु नेताको हत्याको बदला लिने चेतावनी दिएपछि इजरायलमा यो 'डरलाग्दो क्षण' भएको र क्षेत्रीय तनाव बढाउने कुनै पनि कदम नचाल्न अमेरिकी विदेशमन्त्री ब्लिन्केनले चेतावनी दिएका छन् ।

## युद्धविराम प्रस्ताव नेतान्याहुको पक्षमा रहेको हमासको दाबी

**गाजा-** हमासले दोहामा गत हप्ता प्रस्तुत नयाँ गाजा युद्धविराम प्रस्ताव आलोचना गर्दै प्रस्ताव इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको सर्त र स्थायी युद्धविराममा सहमत हुन अस्वीकार गरेको भनी आलोचना गरेको छ ।

हमासले युद्धविराम प्रस्ताव नेतान्याहुको मागसँग मेल खाने जिकिर गर्दै स्थायी युद्धविरामबारे अस्वीकारोक्ति प्रकट गरेको छ भने रफाह क्रसिङ र फिलाडेल्फी कोरिडोरमा नियन्त्रण कायम राखी कैदी आदानप्रदान सम्झौतामा बाधा पुर्‍याएको छ ।

हमासले नेतान्याहुलाई मध्यस्थकर्ताको पहलमा भइरहेको वार्ताको असफलताप्रति उनलाई नै पूर्णजिम्मेवार रहेको दाबी गरेको छ भने गाजाविरुद्ध आक्रमण जारी राखेर इजरायली बन्धकहरूलाई खतरामा पारेको आरोप लगाएको छ । जुलाई-२ मा भएको सम्झौता प्रतिबद्धता दोहोर्‍याउँदै हमासले अमेरिकी राष्ट्रपति जो बाइडेनको र राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्तावको आधारमा इजिप्ट र कतारका मध्यस्थकर्तालाई सहमतिका सर्तहरू लागू गर्न आग्रह गरेको छ ।

बिहीबारदेखि शुक्रबारसम्म दोहामा सम्पन्न गाजा युद्धविरामपछि मध्यस्थकर्ताले संयुक्त विज्ञप्ति जारी गर्दै वार्तामा 'रचनात्मक' प्रगति भएको र सम्बन्धित पक्षहरूले आगामी दिनमा सम्झौताको कार्यान्वयनको विवरणका लागि वार्ता प्रयास जारी राख्ने घोषणा गरेका छन् ।

नेतान्याहुको कार्यालयले मध्यस्थकर्ताको प्रयासप्रति कृतज्ञता व्यक्त गर्दै उनीहरूले हमासलाई मेको अन्त्यमा गरिएका प्रस्तावको सर्तहरू स्वीकार गर्न मनाउने आशा व्यक्त गरेको छ । हमासले इजरायललाई पहिले सहमति भएका प्रस्तावमा नयाँ सर्तहरू थप्ने गरेको आरोप लगाउँदै वार्ताको नतिजाबारे शंका व्यक्त गरेको छ । *रासस/सिन्ह्वा*

गाजामा अक्टोबर ७ मा भएको आक्रमणपछि त्यहाँ बन्धक बनाइएकाहरूलाई जतिसक्दो चाँडो फिर्ता गर्नु इजरायली सरकार र नागरिकको चाहना रहेको राष्ट्रपति हर्जोगले बताए । हर्जोगले ब्लिन्केनलाई भने, 'हाम्रा बन्धकहरूलाई फिर्ता ल्याउनुभन्दा ठूलो मानवीय उद्देश्य र कारण अरू केही छैन ।' *रासस/एएफपी*

# चीनमा फुटबल पूर्वपदाधिकारीलाई भ्रष्टाचारको आरोपमा ११ वर्षको जेल सजाय




**बेइजिङ-** चीनको एक अदालतले सोमबार देशको फुटबल संघका एक उच्च पूर्वपदाधिकारीलाई घुस लिएको अभियोगमा ११ वर्षको जेल सजाय सुनाएको छ ।

चिनियाँ फुटबल संघ (सिएफए)का पूर्वउपाध्यक्ष ली युयीलाई हुबेई प्रान्तको जिङझोउस्थित एक अदालतले दोषी ठहर गरेको हो । उनलाई एक लाख ४० हजार अमेरिकी डलर जरिवानासमेत गरिएको छ भने भ्रष्टाचारबाट आर्जन गरेको सम्पत्ति जफत गरी राज्यलाई हस्तान्तरण गरिने अदालतले जनाएको छ ।

सन् २००४ देखि २०२१ को बीचमा १७ लाख अमेरिकी डलरबराबरको रकम र उपहार जम्मा गर्न सिएफएमा आफ्नो ओहदाको दुरूपयोग गरेको अभियोगमा ली मार्चमा दोषी ठहर भएका थिए । लीले सन् २०१५ देखि २०१९ सम्म सिएफएको उपाध्यक्षको रूपमा काम गरेका थिए । त्यसअघि उनी सांघाईको खेलकुद प्रशासनको प्रमुख थिए ।

राष्ट्रपति सी चिनफिङको शासनकालमा अधिकारीहरूले चीनको खेलकुद उद्योग, विशेषगरी फुटबलमा हुने भ्रष्टाचारविरुद्ध कडा कदम चालेका छन् । सी आफ्नो देशले विश्वकप आयोजना गर्ने र जित्ने सपना देखेका र खेलजगत्लाई सुधार गर्न त्यहाँ हुने अनियमितताको अन्त्य गर्न चाहन्छन् ।

तर त्यो महत्त्वाकांक्षा पटक-पटकका भ्रष्टाचारका काण्ड र वर्षौंदेखिको निराशाजनक नतिजापछि पहिलेभन्दा अझ टाढा देखिन्छ । गत मार्चमा सिएफएका पूर्वप्रमुख चेन सुयुआनलाई एक करोड १० लाख अमेरिकी डलरभन्दा बढी घुस लिएको अभियोगमा आजीवन कारावासको सजाय सुनाइएको थियो ।

सोही महिना चीनको राष्ट्रिय टोलीका पूर्वमुख्य प्रशिक्षक तथा एभर्टनका पूर्वमिडफिल्डर ली टाईले एक करोड ७० हजार अमेरिकी डलरभन्दा बढी घुस लिएको र म्याच फिक्स गर्न मद्दत गरेको आरोप स्वीकारेका थिए ।

गत मे महिनामा चीनको सरकारी प्रसारक सिसिटिभीले 'जनरल एडमिनिस्ट्रेसन अफ स्पोर्ट अफ चाइना'का पूर्वनिर्देशक गौ झोङवेनमाथि भ्रष्टाचारको आरोपमा अनुसन्धान भइरहेको जनाएको थियो । यसरी हेर्दा, हालैका महिनाहरूमा सिएफएका करिब १० उच्च अधिकारीहरू अनुसन्धानको दायरामा आएका छन् । *रासस/एएफपी*

# भारतीय प्रधानमन्त्री मोदीले युक्रेनको भ्रमण गर्दै

**नयाँदिल्ली-** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले युक्रेनको भ्रमण गर्न लागेको भारतीय विदेश मन्त्रालयले सोमबार जानकारी गराएको छ । राष्ट्रपति भ्लादिमिर पुटिनलाई अँगालो हालेको भन्दै युक्रेनले आलोचना गरेको केही हप्तापछि उनको भ्रमण तय भएको हो ।

भारतीय विदेश मन्त्रालयले भ्रमणको मिति भने खुलाएको छैन तर भारतीय सञ्चारमाध्यमका अनुसार पोल्याण्ड र युक्रेनको यो भ्रमण यसै साताको अन्त्यमा हुने छ । मस्कोसँग आफ्नो देशको ऐतिहासिक न्यानो सम्बन्ध कायम राख्ने र क्षेत्रीय प्रतिद्वन्द्वी चीनविरुद्ध पश्चिमा राष्ट्रहरूसँग घनिष्ठ सुरक्षा साझेदारी कायम गर्नेबीचको सन्तुलनलाई कमजोर बनाएको आरोप उनका आलोचकहरूले लगाउने गरेका छन् ।

उनको सरकारले द्वन्द्व सुरु भएको दुई वर्षभन्दा बढी अवधिमा युक्रेनमा रूसले गरेको आक्रमणको स्पष्ट विरोध गरेको छैन तर दुवै पक्षलाई वार्ताका माध्यमबाट आफ्ना मतभेदहरू समाधान गर्न आग्रह गरेको छ । जुलाईमा युक्रेनका विभिन्न सहरमा रूसी आक्रमणका कारण तीन दर्जनभन्दा बढी व्यक्तिको मृत्यु भएको र किएभस्थित एक बाल अस्पतालमा ठूलो क्षति भएको केही घण्टापछि मोदीको मस्को भ्रमण भएको थियो ।



भारत र रूसबीच शीतयुद्धदेखि नै घनिष्ठ सम्बन्ध रहँदै आएको छ, जसका कारण क्रेमलिन भारतलाई हतियार उपलब्ध गराउने प्रमुख राष्ट्र बनेको छ । युक्रेन द्वन्द्व सुरु भएदेखि रूस मूल्य कटौतीसहितको कच्चा तेलको भारतका लागि प्रमुख आपूर्तिकर्ता बनेको छ । यसले पश्चिमी प्रतिबन्धहरू लगाएपछि धेरै आवश्यक निर्यात बजार प्रदान गरेको छ । यसले उनीहरूको आर्थिक सम्बन्धलाई नाटकीयरूपमा पुनःसंरचना गरेको छ । भारतले मस्कोको युद्धकोषलाई बलियो बनाउन सहयोग गरेको छ भने सहुलियतदरको कच्चा तेलको आयातले भारतको अर्बौं डलर बचत गरेको छ ।

तर, रूसको युक्रेनसँगको लडाइँमा भारतको पनि मानवीय क्षति भएको छ । नयाँदिल्लीले रूसी सेनासँग 'सहयोग रोजगार' का लागि सम्झौता गरेका तर पछि युक्रेनमा फ्रन्टलाइनमा लड्न पठाइएका व्यक्तिको सुरक्षाका लागि मस्कोलाई आफ्ना धेरै नागरिकहरू फिर्ता गर्न दबाब दिएको छ । यस द्वन्द्वमा कम्तीमा पाँच भारतीयको मृत्यु भएको छ ।

पश्चिमा शक्तिहरूले चीन र एसिया-प्रशान्त क्षेत्रमा चीनको बढ्दो प्रभावविरुद्ध भारतसँग बलियो सम्बन्ध विकास गरेका छन् भने नयाँदिल्लीलाई रूसबाट टाढा रहन दबाब दिइरहेका छन् । भारत अमेरिका, जापान र अस्ट्रेलियासँग क्वाड समूहमा सामेल छ जसले एसिया-प्रशान्त क्षेत्रमा चीनको बढ्दो आक्रामकताको विरुद्धमा आफूलाई उभ्याएको छ ।

मोदीले सन् २०१९ मा पनि रूसको भ्रमण गरेका थिए र त्यसको दुई वर्षपछि नयाँदिल्लीमा पुटिनलाई स्वागत गरेका थिए । त्यसयता भारत रूसको स्पष्ट निन्दाबाट पछि हटेको छ र क्रेमलिनलाई लक्षित गर्ने संयुक्त राष्ट्रसंघको प्रस्तावमा अनुपस्थित रहेको छ । *रासस/एएफपी*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KHOLOUD MUHAMMAD NASSER AL-ARWAN TRADING ESTABLISHMENT

पूर्व स्वीकृति मिति २०८१/०५/०२ | LT. No. 309130 | चलानी नं. ६०२२३७७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ११ गते (27th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD

श्रम इजाजत नं. १३१८/७४/७५

Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १५२३०० | प्रति तोला - - | प्रति तोला - १८१० |



**मनमोहक दृश्य** | बागलुङको बांगेचौर र पर्वतको अदुवाबारी जोड्ने झोलुंगे पुल र आसपासको हरियाली दृश्य । कालीगण्डकी नदीमाथि बनेको यो पुल ५६७ मिटर लामो छ । *तस्बिरः डम्मर बुढामगर/रासस*

## भैरहवा र पोखरा विमानस्थल पूर्णक्षमतामा सञ्चालनको तयारी

**काठमाडौं–** सरकारले राष्ट्रिय गौरवको आयोजना गौतमबुद्ध अन्तर ाष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनका लागि कार्ययोजनासहित प्रक्रिया अगाडि बढाएको छ ।

निर्माण सम्पन्न भएर लामो समयदेखि नियमित अन्तर्राष्ट्रिय उडान हुन नसकेका ती दुई विमानस्थल सञ्चालनका लागि सरकारले विभिन्न सेवामा एयरलाइन्सलाई सहुलियतलगायतका आकर्षक प्याकेज ल्याउने भएको हो । गत साउन २८ गतेको मन्त्रिपरिषद् बैठकले नागरिक उ•यन क्षेत्रको समग्र सुधारसम्बन्धी कार्ययोजना स्वीकृत गरेको थियो । बैठकले गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसम्बन्धी कार्ययोजनासमेत स्वीकृत गरेको हो ।

दुवै अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउने सरकारको नीतिअनुरूप विमानस्थल सञ्चालनलाई सहजीकरण गर्न नेपाल आयल निगमले उक्त विमानस्थलबाट हुने अन्तर्राष्ट्रिय हवाई उडानमा प्रयोग हुने हवाई इन्धनको मूल्यमा छुट दिने निर्णय गरेको छ । निगमको सञ्चालक समितिको गत साउन ३१ गतेको बैठकले यही भदौ १ गतेदेखि लागू हुनेगरी हाल कायम रहेको हवाई इन्धनको बिक्री मूल्यमा प्रतिकिलोलिटर अमेरिकी डलर एक सय अर्को निणय नभएसम्मका लागि मूल्यमा कम गर्ने निर्णय गरेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ ।

अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्न हवाई इन्धनदेखि टिकट सहुलियत दिने सरकारको योजना छ । गत साउन ३१ गते प्रधानमन्त्रीको नेतृत्वमा सम्बन्धित मन्त्रालयका मन्त्री र पदाधिकारीसहित बैठक बसेको थियो । उक्त बैठकले दुईवटै विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्ने विकल्प र उपायहरूबारे अध्ययन गर्न बनेको कार्यदलले दिएका



सुझावका आधारमा सहुलियत दिनेबारे छलफल गरेको जनाइएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उ•यन मन्त्रालयका अनुसार दुई अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन हवाई टिकट, ग्राउन्ड ह्यान्डलिङ, हवाई इन्धनमा आगामी २०८३ साल भदौसम्म सहुलियत दिने कार्य योजना बनाएको छ । सरकारले पर्यटन बोर्डले प्रतिटिकट लिने शुल्क पनि उक्त समयभर दुई विमानस्थलको हकमा नलिने गरी सहुलियत दिने र हवाई टिकटमा लगाइएको भ्याट पनि विसं २०८३ भदौसम्म नलिने जनाएको छ ।

उद्योग वाणिज्य मन्त्रालयसँगको समन्वयमा काठमाडौंको विमानस्थलमा उपलब्ध हुने इन्धनको मूल्यभन्दा भैरहवामा सस्तोमा लिनेगरी कार्य योजना बनाइएको छ । अध्यागमन कार्यालय सञ्चालन, भिसा सेन्टरका लागि श्रम र परराष्ट्र मन्त्रालयले व्यवस्थापन गर्ने योजना रहेको मन्त्रालयले जनाएको छ ।

गत साउन १८ गते प्रधानमन्त्री ओलीले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्नेबारे उच्चस्तरीय छलफल गरेका थिए । उक्त छलफलमा प्रधानमन्त्रीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको हालको उडान चाप तथा यात्रु व्यवस्थापनलाई ध्यान दिई दुवै अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालनका विकल्प र उपायबारे छलफल गरेका थिए । उनले दुई विमानस्थलबाट नियमित अन्तर ाष्ट्रिय उडान सञ्चालनको वातावरण निर्माण गर्न निर्देशन दिएका थिए ।

निर्माण भएको लामो समयसम्म दुई अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन नभएर घाटा बेहोर्नु परेको तथा काठमाडौं विमानस्थलको क्षमताभन्दा बढी उडान र यात्रु व्यवस्थापन गर्नुपर्ने बाध्यता रहेकाले यसलाई गम्भीर रूपमा लिन प्रधानमन्त्री ओलीले आग्रह गरेका थिए ।

यसैबीच, आइतबार प्रधानमन्त्री केपी शर्मा ओलीसँग वायु सेवा सञ्चालकहरूले भेट गरी हवाई क्षेत्रका समस्याबारे छलफल गरेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा भएको भेटमा प्रधानमन्त्री ओलीले हवाई क्षेत्रको सुधारका साथै यस क्षेत्रमा देखिएका समस्या र समाधानका उपायबारे विमान सञ्चालकसँग परामर्श गरे ।

प्रधानमन्त्री ओलीले हवाई सुरक्षा अभिवृद्धिमा ध्यान दिन वायुसेवा सञ्चालकलाई निर्देशन दिएका थिए । यस क्षेत्रमा देखिएका समस्या समाधानका उपाय सुझाउन सञ्चालकलाई आग्रह गरेका थिए । उनले हवाई टिकटमा 'डलर फेयर'बारे चासो राखेका थिए ।

युरोपेली सङ्घ (इयू) ले नेपालको हवाई उडानलाई 'सेफ्टी' सूचीमा लगाएको प्रतिबन्ध हटाउन पहल गर्न पनि प्रधानमन्त्रीले सञ्चालकलाई आग्रह गरेका थिए । नेपाल नागरिक उ•यन प्राधिकरण (क्यान)ले थाई एयर एसियालाई थाइल्यान्डबाट नेपाल उडान गर्न अनुमति दिएको छ । क्यानले थाई एयर एसियालाई सातामा चार उडान भैरहवाबाट र तीन उडान काठमाडौंबाट गर्ने स्वीकृति दिएको हो । उक्त एयरलाइन्सले आगामी असोज ४ गतेदेखि उडान गर्नेगरी अनुमति लिएको जनाइएको छ ।

कुवेतको जाजिरा एयरले पनि आगामी असोज ९ गतेदेखि गौतमबुद्ध विमानस्थलमा पुनः उडान गर्नेगरी क्यानसमक्ष कागजात पेस गरेको विमानस्थलले जनाएको छ । उक्त एयरलाइन्सले सातामा तीन उडान गर्नेगरी अनुमति मागेको छ । एयरलाइन्सले विगतमा १० महिना उडान गरेर उडान स्थगित गरेको थियो । गौतमबुद्ध अन्तर ाष्ट्रिय विमानस्थल विसं २०७९ जेठ २ गतेदेखि सञ्चालनमा आएको थियो भने त्यसको छ महिनापछि पोखरा अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटन गरिएको थियो । भैरहवामा केही समय अन्तर्राष्ट्रिय उडान भए पनि पोखरा विमानस्थलमा चार्टर उडानबाहेक व्यावसायिक अन्तर्राष्ट्रिय उडान भएको छैन । *रासस*

## धितोपत्र विधेयक संसद्मा

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्रसम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक, २०८१ सङ्घीय संसद्मा दर्ता भएको छ । प्रचलित धितोपत्र ऐन कार्यान्वयनमा आएको लामो समय भएको र पुँजी बजारमा आएको परिवर्तनसँगै नियामक निकाय एवं नियमन कार्यलाई थप प्रभावकारी बनाइ विद्यमान कानुनी व्यवस्था समयानुकूल संशोधन र परिमार्जन गर्न आवश्यक रहेको भन्दै सरकारले यो विधेयक ल्याएको हो ।

धितोपत्र निष्काशन र व्यवस्थित कारोबार तथा धितोपत्र बजारको प्रभावकारी नियमन गर्न विद्यमान कानुनी व्यवस्थालाई समसामयिक संशोधन गर्न आवश्यक भएकाले सरोकारवाला निकायको सहभागिता तथा परामर्शमा धितोपत्रसम्बन्धी ऐन, २०६३ मा संशोधन गर्न बनेको विधेयकको मस्यौदा तयार पारी संसद्मा दर्ता भएको अर्थ मन्त्रालयले जनाएको छ । उक्त विधेयक अर्थमन्त्री विष्णुप्रसाद पौडेलले गत शुक्रबार संसद्मा दर्ता गर्नुभएको हो । यो विधेयकलाई सङ्घीय संसद्मा पेस गर्न मन्त्रिपरिषद्बाट गत असार १७ गते स्वीकृति दिइएको थियो ।

पुँजी परिचालन तथा पुँजी बजारको विकास, लगानीकर्ताको हित संरक्षण एवं नियमनलगायतको कार्यका लागि अहिले धितोपत्रसम्बन्धी ऐन, २०६३ कार्यान्वयनमा छ । उक्त ऐन बमोजिम स्थापित नेपाल धितोपत्र बोर्डले सङ्गठित संस्थाको धितोपत्र निष्काशन तथा कारोबारलाई व्यवस्थित र नियमनलगायतको कार्य गर्दै आएको छ ।

धितोपत्र कारोबारको प्रणालीगत वा अन्य संरचनागत जोखिमबाट लगानीकर्तालाई हुनसक्ने क्षतिबाट जोगाउन क्षतिपूर्ति कोष तोक्न सक्ने सम्बन्धी व्यवस्था विधेयकमा राखिएको छ । त्यस्तै केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्न सङ्गठित संस्था स्थापना गर्नुअघि बोर्डको सहमति लिनुपर्ने व्यवस्था राखिएको छ । केन्द्रीय निक्षेप सेवा सञ्चालनका लागि अनुमति लिनुपर्नेछ । केन्द्रीय निक्षेप सेवा भन्नाले विद्युतीय (डिजिटल) माध्यमबाट सङ्गठित संस्थाको धितोपत्रको अभौतिकरण गर्ने र त्यस्तो धितोपत्रको केन्द्रीय अभिलेख राख्ने सेवाका रूपमा परिभाषित गरिएको छ ।

## गुल्मीका किसान कफीखेतीतर्फ आकर्षित

**गुल्मी–** गुल्मी सिर्सेनीका किसान यतिबेला परम्परागत रूपमा गर्दै आएको खेती छाडेर कफीखेतीमा लागेका छन । जिल्लाको मदाने गाउँपालिका-३ अन्तर्गत सिर्सेनीस्थित तोरेटाका किसानको बारी यतिबेला कफीको बगैंचा बनेको छ । त्यहाँका किसान परम्परागत रूपमा उत्पादन गर्दै आएको मकै र कोदोखेतीलाई छाडेर व्यावसायिक रूपमा कफीखेतीमा लागेका हुन् । कफीखेतीबाट बाँदर, बँदेलजस्ता वन्यजन्तुको समस्या नहुने भएका कारण किसानको रोजाइ मकै र कोदोभन्दा कफीखेतीमा परेको हो । प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइले किसानलाई व्यावसायिक रूपमा कफीखेती गर्न प्रेरित गर्दै आएको छ ।

परियोजनाले किसानलाई कफीको उत्पादन गर्ने तरिका र त्यसको महत्व तथा फाइदाका बारेमा जानकारी गराउँदै कफीखेतीका लागि बिरुवा, मल, नेटजालीलगायत सामग्री उपलब्ध गराउन थालेपछि त्यहाँका किसानलाई कफीखेती गर्न थप सजिलो भएको छ । मकै कोदोजस्ता परम्परागत खेती गर्दै आएका किसानका लागि कफीखेतीले थप आशा जगाएको छ । परम्परागत खेतीबाट बाँदर, बँदेल, दुम्सी तथा चराचुङ्गीबाट खेती जोगाउन हैरानी खेप्दै आइरहेको अवस्थामा कफीखेती त्यहाँका किसानका लागि उपयुक्त खेती बनेको हो ।



कफी खेतीका लागि सिर्सेनीमा ३० घरधुरी मिलेर तीनधारे कफी उत्पादन कृषक समूह गठन गरेका छन् । चार वर्षअघि गठन भएको उक्त समूहमार्फत सिर्सेनीका प्रत्येक घरधुरीमा व्यावसायिक रूपमा कफीखेती सुरु गरिएको छ । त्यहाँका प्रत्येक किसानको बारीमा ५० देखि दुई हजारसम्म कफीका बोट छन् । चार वर्षअघि रोपेका बोटले फल दिन सुरु गरिसकेको सिर्सेनी टोरेटाका किसान मेघलाल अर्यालले बताए । अर्याल त्यस क्षेत्रमा सबैभन्दा धेरै कफी लगाउने किसान हुन् । अर्यालको बारीमा यतिबेला दुई हजारभन्दा बढी कफीका बोट छन् । लगाएका बोटमध्ये कतिपय कफीका बोटले आम्दानी दिन सुरु गरेको उनले बताए ।

'विगतमा मकै र कोदो रोप्दै आएका बारी अहिले सबै कफीले ढपक्क ढाकेको छ', उनले भने, 'दश रोपनी जग्गामा सबै कफी लगाएको छु, मैले कफी लगाएपछि अरू किसानलाई पनि उत्प्रेरणा जागेको छ ।' अर्याल जस्तै अर्का कफी कृषक शशिधर अर्यालले पनि अन्य खेतीको तुलनामा कफीखेतीले किसानमा नयाँ आशा जगाएको बताए ।

प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजनाका प्रमुख गङ्गाकुमारी पोखेलले व्यावसायिक रूपमा कफीखेतीको विस्तारका लागि कार्यालयका तर्फबाट किसानलाई बिरुवा, मल, सिँचाइ, छहारी व्यवस्थापन, नेटजालीलगायत सामग्रीका लागि अनुदान उपलब्ध गराउँदै आएको बताए । किसानलाई कफी पाठशालामार्फत समय-समयमा प्राविधिक ज्ञान उपलब्ध गराउने गरेको पोखेलले जानकारी दिए । जिल्लामा कफीखेतीमा किसानको आकर्षण बढे पनि समय-समयमा कफीमा देखिने गरेको सेतो गबारो, ढुसी, डढुवा आदिका कारण कफीका बोटमा क्षति पुग्ने गरेको किसानको गुनासो छ । कफी उत्पत्तिको जननी जिल्ला भनेर चिनिने गुल्मीमा अहिले दुई सय ४१ हेक्टर क्षेत्रफलमा कफीखेती गरिँदै आएको छ ।

जिल्लामा कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजना, कफी विकास केन्द्र आँपचौर, कफी अनुषन्धान केन्द्र भण्डारीडाँडा, स्थानीय तहलगायत कार्यालयले कफीखेतीको क्षेत्रमा काम गर्दै आइरहेका छन् । *रासस*

## तनहुँमा करिब आठ करोड विद्युत् बक्यौता

■ प्रभाव संवाददाता

**दमौली (तनहुँ)–** नेपाल विद्युत् प्राधिकरण तनहुँ वितरण केन्द्रमा करिब रु आठ करोड विद्युत् बक्यौता बाँकी रहेको छ । आर्थिक वर्ष २०८०/८१ मा केन्द्रमा रु सात करोड ९७ लाख ७६ हजार एक सय एक बक्यौता रहेको हो ।

सबैभन्दा बढी अन्य, कालोसूचीतर्फका ग्राहकबाट रु तीन करोड ९७ लाख ६६ हजार छ सय ६० बक्यौता उठाउन बाँकी रहेको केन्द्रका प्रमुख विजय रेग्मीले जानकारी दिए । उनका अनुसार गार्हस्थ्यतर्फ रु एक करोड ६७ लाख ८३ हजार नौ सय ५९, गैरव्यापारिकतर्फ रु ४० लाख ८४ हजार नौ सय, औद्योगिकतर्फ रु एक करोड २४ लाख ४४ हजार दुई सय ४२, सडक बत्तीतर्फ रु एक करोड १४ लाख ६७ हजार तीन सय १७, खानेपानीतर्फ रु ८९ हजार पाँच सय ९२, चार्जिङ स्टेसनतर्फ रु ४५ हजार दुई सय चार सय ९९, सिचाइँतर्फ रु ३६ हजार सात सय चार, मन्दिरतर्फ रु ४१ हजार पाँच सय ९२ बक्यौता बाँकी छ ।

आर्थिक वर्ष २०७९/८० मा रु आठ करोड ५५ लाख ६० हजार चार सय बक्यौता बाँकी थियो । त्यसमध्ये रु ५७ लाख ८४ हजार दुई सय ९८ बक्यौता उठेको रेग्मीले बताए । उनका अनुसार जिल्लामा विद्युत्का ५१ हजार सात सय १७ ग्राहक पुगेका छन् ।

आर्थिक वर्ष २०७९/८० सम्म ५० हजार तीन सय ७२ ग्राहक रहेकामा गत आवमा एक हजार तीन सय ४५ ग्राहक थपिएका हुन् । केन्द्रका प्रमुख रेग्मीका अनुसार गार्हस्थ्यतर्फ एक हजार दुई सय २५, गैरव्यापारिकतर्फ २१, औद्योगिकतर्फ दुई, सिचाइँतर्फ ४०, खानेपानीतर्फ १८, चार्जिङ स्टेसनतर्फ दुई, सडकबत्तीतर्फ २४, मन्दिरतर्फ आठ र अन्यतर्फ १२ ग्राहक थपिएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः:arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ